जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमखु जिल्ला अधिकारी वा स्थानीय तहका निरीक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुऱ्याऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक ८७ • २०७९ साल साउन ३० गते सोमबार (15 August, Monday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

## संघ सरकार विरुद्ध प्रदेश सरकार धर्नामा

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रहरी समायोजन नगरेको भन्दै मधेश प्रदेश सरकार संघीय सरकार विरुद्ध धर्ना दिएका छन । मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतको नेतृत्व आइतवार देखि प्रदेश सरकारका मन्त्रीहरु, प्रदेश सभा सदस्य सहितले प्रदेश प्रमुखको निवासमा धर्ना दिएका छन् ।

संविधानले प्रदेशको शान्ति सुरक्षा एवं प्रहरी व्यवस्थापनको जिम्मा प्रदेश सरकारको अधिकार भित्र रहेको सुनिश्चित गरेपनि संघ सरकारले प्रहरी समायोजन गरी प्रदेश सरकारलाई हस्तान्तरण गर्न आनाकानी गरी रहेको भन्दै प्रदेश सरकारले चरणबद्ध आन्दोलन शुरु गरेका छन् ।

मधेश प्रदेशका मुख्यमन्त्री मोहम्मद लालबाबु राउतसहित प्रदेशका मन्त्रीहरु प्रदेश प्रमुख कार्यालयको प्राङगमा आईतवार साढे ११ वजेदेखि धर्नामा बसेका थिए । पूर्व घोषित कार्यक्रम अनुसार आइतवारदेखि एक सप्ताह सम्म दैनिक दुई घण्टा ११देखि १ वजे सम्म प्रदेशका सरकारका मन्त्रीहरु, प्रदेश सासद तथा नागरिक समाजका अगुवाहरु धर्ना दिने कार्यक्रम छ ।

धर्नामा बसेका मुख्यमन्त्री राउतले प्रहरी समायोजनको विषयमा प्रधानमन्त्री शेरवहादुर देउवासहित गठबन्धनका शीर्ष नेताहरुलाई लिखित तथा मौखिक रुपमा ज्ञापन पत्र बुझाए पनि कुनै सुनुवाई नभएकोले आफूहरु धर्नामा बस्न वाध्य भएको बताए । संविधानको अनुसूची ६ को १ मा प्रदेश प्रहरी गठन तथा प्रदेशको शान्ति सुरक्षा प्रदेश सरकारले गर्ने उल्लेख भएपनि त्यसको कार्यान्वयन संघीय सरकार चासो नलिदा दवाव दिने उद्देश्यले धर्ना कार्यक्रम शुरु गरिएको मुख्यमन्त्री राउतले प्रष्ट गरे ।

प्रदेश सरकार गठन भएको झण्डै ५ वर्ष हुन लागेको छ, तर प्रदेश प्रहरी ऐन बनाइएको दुई वर्षभन्दा बढी भई सक्दा पनि कार्यान्वयनमा संघ सरकार गम्भीर भएको छैन् । संघीय प्रहरी ऐन र प्रहरी समायोजन ऐन पनि आएको करिव करिव १ वर्ष भई सक्दा पनि संघ सरकारले यो विषयमा चासो लिएको छैन् । मधेश प्रदेश सरकारले संघ सरकारको ध्यानाकर्षण स्वरुप आइतवार देखि आन्दोलन थालेको छ ।

### मधेश सरकारको धर्ना औचित्यहीन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले आइतवार देखि थालेको धर्ना औचित्यहीन रहेको प्रतिपक्षी दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले आरोप लगाएको छ ।

लोसपाका मधेश प्रदेश अध्यक्ष तथा प्रदेश सरकारका पूर्व मन्त्री जितेन्द्र सोनलले आन्दोलन जनकपुरमा नभई काठमाण्डुमा प्रधानमन्त्री निवास र गृहमन्त्रालयमा हुनुपर्ने तर्क गर्दै प्रदेश प्रमुखको कार्यालय अगाडि थालिएको धर्ना औचित्यहीन रहेको बताएका छन् ।

उनले आफूहरु पनि प्रहरी ऐन लागु होस भन्ने चाहेका छौं तर, गठबन्धनको केन्द्रमा सरकार र प्रदेशमा पनि सरकार रहेको अवस्थामा पनि ऐन लागु गर्न थालिएको धर्ना औचित्यहीन रहेको प्रतिक्रिया दिएका छन् ।

# राष्टपतिद्वारा नागरिकता विधेयक फिर्ता
## लाखौं नागरिकको विचल्ली कायमै

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारीले संघीय संसदबाट पारित भएको नागरिकता विधेयक फिर्ता पठाइदिएकी छन् ।

राष्ट्रपति कार्यालयका प्रवक्ता सागर आचार्यका अनुसार राष्ट्रपति भण्डारीले पुनर्विचार गर्न नागरिकता विधेयक आइतबार संसदमा फिर्ता पठाएकी छन् ।

'सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूसमक्ष प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यूबाट प्रमाणित भई नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरणका लागि पेश हुन आएको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमा नेपालको संविधान बमोजिम नागरिकता प्राप्ति सम्बन्धी विषयमा संघीय संसदबाट पुनर्विचार हुन आवश्यक देखिएकोले नेपालको संविधानको धारा ११३ को उपधारा (३) बमोजिम सन्देश सहित यो विधेयक सम्माननीय राष्ट्रपतिज्यूले प्रतिनिधि सभामा फिर्ता पठाउनु भएको छ,' आचार्यले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

संसदका दुबै सदनले पारित गरेर पठाएको विधेयक राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्ने वा पुनर्विचारका लागि फिर्ता पठाउन सक्ने संवैधानिक व्यवस्था छ ।

१५ दिनको समय सकिनु दुई दिनअगावै राष्ट्रपतिले नागरिकता विधेयक संसदमा फिर्ता पठाइदिएकी छन् । अहिलेको नागरिकता विधेयकमा जन्मसिद्धका आधारमा नागरिकता पाएका आमाबुवाका सन्तानलाई नागरिकता दिने, गैरआवासीय नेपालीलाई पनि राजनीतिक अधिकारबिनाको नागरिकता दिनेलगायत विषय समेटिएका थिए ।

यसअघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले यस्तै विषय समेटेर ल्याएको नागरिकतासम्बन्धी अध्यादेश राष्ट्रपति भण्डारीले प्रमाणीकरण गरेकी थिइन् ।

अहिलेको नागरिकता विधेयकको केही पक्षले आलोचना गरेका थिए । केही समूहले राष्ट्रपति भण्डारीलाई शीतल निवासमै भेटेर प्रमाणीकरण नगर्न भनेका थिए । सत्तारूढ दलका नेताहरूले भने राष्ट्रपतिले विधेयक संवैधानिक व्यवस्थाअनुसार प्रमाणीकरण गर्ने अपेक्षा गरेका थिए ।

मधेशवादी दलहरुको अथक प्रयास पछि नागरिकता विधेयक दुवै सदनवाट पारित गरिएको थियो । करिव डेढ लाख भन्दा बढी मधेशका नागरिकहरु गैर नागरिक सरह बस्न बाध्य भएको र राज्यवाट पाउने सेवा सुविधा तथा निर्वाचनमा समेत भाग लिन नसकेको भन्दै मधेशवादी दलहरुले पटक पटक आवाज उठाइ रहँदा अन्ततः प्रतिनिधि सभा र राष्ट्रिय सभावाट नागरिकता विधेयक दुवै सदनवाट पास गरी राष्ट्रपति समक्ष प्रमाणीकरणकोलागि पठाइएको थियो ।

नागरिकता नपाएर उच्च शिक्षा सम्म प्राप्त गर्न नसक्ने लाखौं मधेशी युवाहरुको भविष्य फरि अन्धकारमय पुग्ने देखिन्छ । आमाबुबा अंगीकृत नागरिक रहेकाहरुका छोराछोरी फेरि नागरिकता लिन नसक्ने भएका छन् । उनीहरु आगामी निर्वाचनमा मतदान गर्ने समेत सोच बनाएका थिए तर, राष्ट्रपतिको विधेयक फिर्ताले उनीहरुमाथि तुषारापात भएको छ ।

सत्यमेव जयते



**Nitesh Kumar**
**Consul General**

On behalf of the Consulate General of India in Nepal, I extend warm greetings and best wishes to Indian community on the auspicious occasion of 76th Independence Day of India. We are organizing various events under 'AzadikaAmritMahotsav' which will continue till 15 August, 2023. Consulate General of India urges the community to join us in the celebration of the upcoming events under India@75.

To commemorate AzadikaAmritMahotsav notable events were organized by the Consulate viz., Cycle Rally, Blood Donation Camp, Cricket Match, Walkathon/Marathon, International Women's Day, Badminton Tournament, Constitution Day, Ayurveda Day, Hindi Diwas, talk shows, interaction programs, workshops, webinars, International Yoga Day at Chitwan, Birgunj and Janakpur, Indian Cultural evenings at Birgunj and Janakpur, Quiz Competitions, Essay Competitions, Photography Competitions, Poetry Competitions, Sketch Competitions.

India has launched a Global PravasiRishta Portal (https://pravasirishta.gov.in/home) with an objective to establish a network between the Indian diaspora and the Indian Missions/Posts abroad. The Portal would provide latest information on the existing and new government schemes launched for the benefits of the diaspora and for collecting opinion of the diaspora on important policy issues.

The Consulate issues Registration Certificates and takes care of Indian nationals under distress in Nepal. The Consulate organizes monthly open houses on consular services to redress the grievances of Indian citizens staying in its jurisdiction. Eight such open houses have been conducted so far.

The Consulate General of India is committed to support people of Nepal in the field of education, health, development of physical infrastructure, scholarships to students, provide ambulances/buses to credible organizations besides constructing river embankments, Integrated Check Posts, Railway Links and act as a catalyst in bilateral trade between the two countries.

The Consulate gifted two Ambulances last month as part of 75 Ambulances gifted by Embassy of India in Kathmandu. One ambulance was gifted to Green City SamudayikPrahariSeva Kendra of Birgunj and other to Rural Development Organization of Janakpur recently.

The main instruments of India's development partnership include lines of credit, grant assistance, small development projects, technical consultancy, disaster relief and humanitarian assistance, as well as capacity building programmes under the Indian Technical and Economic Cooperation (ITEC) programme.

The people-to-people relation and cultural connect between India and Nepal is evident. India is committed to develop Ramayan Circuit with its component in Nepal as well. Shri RamayanYatra "Bharat Gaurav" Tourist train with 14 coaches and 500 religious tourists onboard which was jointly flagged off from New Delhi on 21 June 2022 by Hon'ble Minister of Railways and Hon'ble Minister of Tourism of India reached Janakpurdham on 23 June 2022. It was a first of its kind tourist train covering the Ramayan Circuit in India and Nepal. The overwhelming welcome by the city of Janakpur will remain alive in the hearts of tourist from India. Earlier, the Prime Ministers of India and Nepal had jointly flagged off a train connecting Jaynagar in India and Kurtha in Nepal on 02 April 2022.

The Consulate has been organizing Border Coordination Meetings between district administrations of Nepal and India on issues of topical interests. The recent meetings were held at Chitwan and Birgunj for promotion of tourism and Trade respectively. Last Border Coordination Meeting between district level security officials of bordering districts of both the countries was held at Janakpur on August 6, 2022.

The Consulate facilitates smooth movement of vehicles across the border. It also mediates in case of trade disputes. The Consulate issues vehicle permits to various private and transport vehicles for their short term and long term visits to India.

The Consulate handed over about 3000 Tents of different sizes and 10 inflatable Boats to Govt. of Nepal as disaster relief materials recently.

The Consulate inaugurated High Impact Community Development Projects (HICDPs) like Gunjaman Singh Hospital in Chitwan, Shri Rashtriya Primary School in Chitwan, Bagmati Lower Secondary School, Makawanpur, Shri BalGobindJanta Higher Secondary School in Sarlahi and Shri Janta Secondary School in Sarlahi, Shree Faud Singh Janta Secondary school at Lalbandi, Sarlahi during the last year.

COVID-19, played a significant role in India's push for Self-Reliance 2.0. India completed 2 billion doses of vaccines for its citizens with the help of public-private partnership, centre-state cooperation and building awareness. India also exported a large number of vaccines and PPE countries all over the world of which Nepal has been a beneficiary.

Nepal has adopted the Unified Payments Interface (UPI), a government-backed centralized digital payment gateway in India, accounting for the largest number of worldwide digital transactions in 2021 at a whopping 48 billion, nearly three times bigger than China's (18 billion) and at least six times bigger than the transactions of US, Canada, UK, France and Germany combined.

As a new global order emerges out of the current churn and transition, India is all set to take up a benign leadership role during the 'AmritKaal' - next 25 years with a strong polity, stronger economy and efficient foreign policy which is robust, resilient and result oriented and with the global good at the core.

The Government of India is happy to be associated with the project which compliments effort of Government of Nepal in augmenting infrastructure in Nepal. India attaches foremost importance to its relationship with Nepal as part of its "Neighborhood First" policy and will continue to support the people of Nepal through various initiatives.

**Jai Hind !**

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा
CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरुबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।
विशेषताहरू :
१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)
फाराम भर्ने अन्तिम मिति २०७९ भाद्र १० गते सम्म
विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हा स्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851





मंसापुरमा देखिएको हरियो धान : सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकास्थित मंसापुरमा वर्षा भएपछि देखिएको हरियो धान। *तस्बिर :रासस*

# स्कार्पियोले ठक्कर दिँदा साइकल यात्रीको मृत्यु

**टुडे समाचारदाता**

कलैया। बाराको छातापिपरामा आइतबार स्कार्पियोले ठक्कर दिँदा साइकल यात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा साइकल चालक भारत घर भई हाल वीरगञ्ज महानगरपालिका-३२ बस्ने परसवा बस्ने बर्ष ४२ का कहनाई साह तेली रहेका छन् । वीरगञ्जबाट जीतपुरतर्फ आउँदै गरेको प्र २ –०३–००१ च ६२१० नं.को स्कार्पियोले पथलैया वीरगञ्ज सड्कखण्डको महागढीमाई पेट्रोल पम्प नजिक ठक्कर दिएको ईलाका प्रहरी कार्यालय जीतपुरका प्रहरी नायब निरिक्षक अजय रामले जानकारी दिए ।

स्कार्पियोको ठक्करले साइकल यात्री तेलीको घट्नास्थलमै मृत्यु भएको ईलाका प्रहरी कार्यालय जीतपुरले जनाएको छ। ठक्कर दिने स्कार्पियो र स्कार्पियो चालक वीरगञ्ज महानगरपालिका-२४ रमगढवा बस्ने २४ बर्षीय संजय बैठालाई प्रहरी चौकी परवानीपुर,पर्साको नियन्त्रणमा राखिएको छ ।

# सामुदायिक धर्मसालाको उद्घाटन



**टुडे समाचारदाता**

महोत्तरीको रामगोपालपुर नगरपालिका-९ गोठबनौलीको कटैयामा कुटि भवन र सामुदायिक धर्मसालाको उद्घाटन गरिएको छ । नव निर्मित सामुदायिक भवनको एक कार्यक्रमबीच उद्घाटन गरिएको हो। सामुदायिक भवनको नगर प्रमुख अतिथि पूर्व स्वास्थ्य तथा जनसंख्या राज्य मन्त्री डा. सुरेन्द्र कुमार यादव र विशिष्ट अतिथि पूर्व आन्तरिक मामिला तथा कानून राज्य मन्त्री सरोज कुमार सिंहले संयुक्त रुपमा उद्घाटन गरेका थिए।

रामगोपालपुर नगरपालिका -विजय यादवका अध्यक्ष रमेश शर्मा भुसालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेलवासे, नगर प्रवक्ता झिल्लुप्रसाद न्यौपाने, समाजसेवी वावुराम पंगेनी लगायतले बोल्नुभएको थियो ।

सो कार्यक्रममा नगर प्रमुख रामदुलार साह र उपप्रमुख रुणा देवी यादव, संघीय परिषद् सदस्य दीपक झा 'गुड्डु', जिल्ला कार्यकारिनी सदस्य रविन्द्र सिंह लगायतको उपस्थिति रहेको थियो

# निजामती ऐन ल्याउनुपर्ने माग

काठमाण्डु। नेपाल निजामती कर्मचारी सङ्गठनले तीन तहको कर्मचारीलाई मार्गनिर्देशन गर्ने ऐन जारी गर्नुपर्ने माग गरेको छ ।

सङ्गठनले यहाँ आइतबार पत्रकार सम्मेलन गरी अध्यक्ष लेखनाथ कोइरालाले केन्द्रीय कार्य समितिको दोस्रो बैठकले गरेका निर्णय सार्वजनिक गर्नुभयो । उहाँले प्रस्तावित सङ्घीय निजामती सेवा ऐन स्थानीय, प्रदेश र केन्द्रीय तीन तहमा कार्यरत कर्मचारीलाई मार्गनिर्देशन गर्ने मूल कानून निजामती सेवा ऐन जारी गर्न सरकारले ढिलासुस्ती गरेको भन्दै आपत्ति जनाउनुभयो ।

सो सङ्गठनले तीनै तहमा कार्यरत कर्मचारीलाई निजामती कर्मचारीको परिभाषामा समावेश गरी कर्मचारी तथा ट्रेड युनियनमैत्री ऐन जारी गर्नसमेत सरकारसमक्ष आग्रह गरेको छ ।

उहाँले भन्नुभयो,एक लाख २५ हजार कर्मचारीलाई परिचालित गर्ने ऐन सरकार संसद्बाट चार वर्षसम्म ल्याउन सकेको छैन, सरकारले हाम्रै लागि ल्याउन लागेको ऐन हामीसँग सरसल्लाह गर्दैन ।' रासस

# एक पिल्लर योजना सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम। शौर्य सिमेन्टले एक पिलर मलाई योजना विस्तार गरेका छन् । आइतबार एक समारोहको आयोजना गरी एक पिलर योजना मलाई योजना विस्तार गरिएको हो ।




शौर्य समेन्टले मेची, कोशी, जनकपुर, सर्लाही र महोत्तरीमा यी योजना विस्तार गरेका छन् । यसयघि यो योजना पोखरा, चितवन, सिरहा, उदयपुर र सप्तरीमा पनि ल्याइएको थियो । यस योजना अन्तर्गत कुनै पनि नयाँ आवसिय भवन निर्माण गर्दा शौर्य सिमेन्टको प्राविधिक टोली त्यहाँ पुगी निःशुल्क एक पिलर कासटिंग गरिने जनाइएको छ ।

कासटिंग गरिएको एक सातापछि उनीहरुले चारबहन क्षमता परीक्षण गरी प्रमाणपत्र दिइने छन् ।

यस योजनामा सहभागि हुन टोली फ्री नम्बर र विज्ञापनमा दिइएको क्यूआर कोड प्रयोग गर्न सेवाग्राहीलाई आग्रह गरिएको छ । सौर्य सिमेन्टले सिरहाको मिर्चैयामा ४३ र ५३ ग्रेड ओपीसी र पीपीसी सिमेन्ट उत्पादन गर्दै आएको छ ।

# दराजमल फेस्ट सुरु




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालको अनलाइन बजार दराजले सोमबार (आज)देखि दराजमल फेस्ट सुरू गरेको छ । यस फेस्टमा दराज मल मार्फत दराजका ग्राहकहरूलाई अद्वितीय र प्रिमियम शपिङ अनुभव प्रदान गर्ने कुरामा केन्द्रीत रहेको छ ।

एड टु कार्ट एण्ड विन, ७ हजारसम्मको भाउचरहरू, ब्रान्ड अफ द डे, फ्ल्यास सेल, शेक शेक र वाल अफ फेम यस अभियानको मुख्य विशेषता रहेको छ । कम्पनीका अनुसार दराजमल, दराजद्वारा सुरू गरिएको एक अनलाइन शपिंग मल हो । यसमा सोनी, सामसंग, गोल्डस्टार, रिम्याक्स, वाइल्डहर्न साथै पाँच सयभन्दा बढी अग्रणी राष्ट्रिय र अन्तर्राष्ट्रिय ब्रान्डहरू छन् । १०० प्रतिशत प्रामाणिक उत्पादनहरू र १४ दिन फिर्ता नीतिसँग दराजमलले ग्राहकहरूलाई राम्रो किनमेलको अनुभव सुनिश्चित गर्ने विज्ञप्तिमा उल्लेख गरिएको छ ।

विगतमा जस्तै, ग्राहकहरूले दराजमल फेस्टमा बैंक डेज छुट मार्फत डेबिट र क्रेडिट कार्डबाट प्री पेमेन्ट गर्दा थप १५ प्रतिशत ७५० रुपैयाँसम्म छुट पाउने बताइएको छ । बैंक डेज अफर अनुसार मंगलबार ग्लोबल आइएमई बैंकबाट क्रेडिट कार्ड भुक्तानीमा १५ प्रतिशत ७५० सम्मको सम्मको छुट/डेबिट कार्ड भुक्तानीमा १० प्रतिशत ५०० रुपैयाँसम्म छुट, बिहीबार मेगा बैंकबाट क्रेडिट कार्ड भुक्तानीमा १५ प्रतिशत छुट/डेबिट कार्ड भुक्तानीमा १० प्रतिशत ५०० रुपैयाँसम्म छुट र शुक्रबार नबिल बैंकबाट डेबिट र क्रेडिट कार्ड भुक्तानीमा १० प्रतिशत छुट (अधिकतम ५ सय रुपैयाँ) सम्म दिइने जनाइएको छ । यस्तै, शनिबार स्ट्यान्डर्ड चार्टर्ड बैंकबाट डेबिट/क्रेडिट कार्ड भुक्तानीमा १० प्रतिशत छुट दिइने छन् । पहिलो पटक भिसा कार्ड भएका दराज प्रयोगकर्ताहरूले भिसा डेबिट कार्ड/क्रेडिट कार्डमा १० प्रतिशत (अधिकतम ५ सयसम्म) को अतिरिक्त प्रि-पेमेन्ट छुट प्राप्त गर्न सक्छन् ।

त्यसैगरी, दराजमा किनमेल गर्ने र ई-सेवा वालेट मार्फत भुक्तानी गर्ने ग्राहकले १० प्रतिशत अधिकतम ३५० सम्मको छुट प्राप्त गर्न सक्ने कम्पनीले बताएको छ । यी बाहेक, ब्रान्ड अफ द डे जस्ता अफरहरूले ग्राहकहरूलाई उनीहरूको मनपर्ने ब्रान्डहरूमा थप छुटहरू प्राप्त गर्ने अवसर प्रदान गर्ने बताइएको छ ।

# सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन परिमार्जनसहित अन्तिम रूप दिन सुझाव

काठमाण्डु । राष्ट्रिय मानवअधिकार आयोगले सङ्क्रमणकालीन न्यायलाई व्यवस्थापन गर्न गठन गरिएको दुई आयोगको ऐन संशोधन गर्ने विषयमा सरकारलाई सुझावसहित आफ्नो धारणा सार्वजनिक गरेको छ । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्नका लागि सरकारले संसद्मा दर्ता गराएको ऐनलाई संशोधन गर्नुपर्ने विषयमा १२ बुँदे सुझावसहित संशोधनका लागि सुझावसहितको आयोगका धारणा सार्वजनिक गरेको हो ।

आयोगका अध्यक्ष तपबहादुर मगरले आयोगको धारणा सार्वजनिक गर्दै सङ्क्रमणकालीन न्यायसम्बन्धी मूल ऐन र हाल नेपाल सरकारबाट पेश भएको संशोधन विधेयकका प्रावधानमा सङ्क्रमणकालीन न्यायलाई टुङ्ग्याउन थप परिमार्जन हुनुपर्ने आवश्यकता देखिएकाले आयोगले सुझावसहितको धारणा सार्वजनिक गर्नुपरेको बताउनुभयो । सङ्क्रमणकालीन न्याय परिपूर्तिका लागि ऐन जारी भएको हो, त्यो परिमार्जनसहित निष्कर्षमा पुऱ्याउनुपर्ने जरुरी छ, उहाँले भन्नुभयो,"उक्त ऐन तथा संशोधन विधेयकले सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउनुपर्छ भन्ने आयोगको स्पष्ट धारणा रहेको छ, सोही कारण संशोधनका लागि सुझाव दिइएको हो ।

आयोगले सार्वजनिक गरेको सुझावमा परिभाषा खण्डमा रहेको 'मानव अधिकारको उल्लङ्घन' र 'गम्भीरमानवअधिकारकोउल्लङ्घन' को परिभाषा र वर्गीकरण मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानून एवं अन्तर्राष्ट्रिय मूल्यमान्यताअनुरूप नभएकाले वस्तुगत आधार र कारणसहित वर्गीकरण गरी परिभाषा गर्नपर्ने रहेको छ ।

अन्तर्राष्ट्रिय मानवीय कानूनअनुकूल हुने गरी पारिभाषा गर्नका लागि मानवताविरुद्धको अपराध, युद्ध अपराध, सशस्त्र व्यक्ति, निशस्त्र व्यक्ति, बाल सेना, यौनजन्य हिंसा/जबर्जस्ती करणीलाई समेट्नुपर्ने सुझाव छ । त्यस्तै, आयोगलाई प्रभावकारी बनाउन पर्याप्त समय, स्रोत तथा साधनको व्यवस्थापन हुने गरी आवश्यक प्रबन्ध गर्नुपर्ने, दफा १३ मा आयोगको काम कर्तव्य र अधिकारभित्र मानवताविरुद्धको अपराध र बाल सेनाको प्रयोगबारे सत्यको अन्वेषण तथा निरुपण गर्न सङ्क्रमणकालीन न्यायको सिद्धान्तअनुसार सम्बोधन हुने गरी आयोगलाई जिम्मेवारी दिने प्रबन्ध गर्नुपर्ने रहेको छ। आयोगको सुझावमा सर्वोच्च अदालतले समेत भेटिङको विषयमा छुट्टै कानूनी व्यवस्था गर्न निर्देशनात्मक आदेशसमेत जारी गरेको अवस्थामा केही नगरी भेटिङ शब्द मात्रै प्रयोग गरेको देखिएकाले यस सम्बन्धमा स्पष्ट हुने गरी कानूनी प्रबन्ध गर्न, पीडित राहत र परिपूरण लिन विभिन्न निकायमा धाउनुपर्ने वर्तमान अवस्थाको अन्त्य गर्न आयोगबाटै निकासा हुने प्रबन्ध गर्नुपर्ने छ ।

आयोगलाई दिइएको अधिकार आयोगले स्वतन्त्ररूपमा प्रयोग गर्न पाउनुपर्छ भन्ने विषयमा कुनै विवाद हुन सक्दैन, सुझावमा भनिएको छ, "तथापि, स्वच्छ सुनुवाइको अधिकार र पुनरावेदनको अधिकारका लागि विशेष अदालतको निर्णय नै अन्तिम हुने दफा २९ क को व्यवस्था संशोधन गर्नुपर्छ । नियमित अदालतमा विचाराधीन रहेका मुद्दाहरु विशेष अदालतमा सार्ने विषय उचित नहुने भएकाले दफा २९ ख को प्रबन्धमा संशोधन गर्नेपर्ने, द्वन्द्वकालीन घटनाका सम्बन्धमा प्रत्यक्ष र भौतिक प्रमाणको अभाव हुनसक्ने तथ्यलाई विचार गरी परिस्थितिजन्य प्रमाणलाई समेत प्रमाणका रूपमा लिन सक्ने गरी कानूनी प्रबन्ध गर्नुपर्ने आयोगले सुझाव दिएको छ ।

तत्काल घटना हुँदाको प्रचलित कानून (मुलुकी ऐन, २०२०) र मौजुदा मुलुकी अपराध संहितालगायतमा रहेका हदम्यादसमेतका प्रावधान सङ्क्रमणकालीन न्यायसँग सामन्जस्य हुने गरी व्यवस्थापन नगरेसम्म दोषीलाई कारबाही हुनसक्ने अवस्था नभएको र हाल संसद्मा दर्ता भएको विधेयकले त्यसतर्फ कुनै सम्बोधन नगरेको हुँदा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरूद्धको अपराधमा संलग्न कसुरदारलाई कारबाही गर्नसक्ने गरी कानूनी प्रबन्ध गर्नुपर्ने आयोगको सुझाव छ ।

द्वन्द्वरत सशस्त्र विद्रोहीपक्षको तर्फबाट हतियार उठाउने तत्कालीन विद्रोही सेना र राज्य पक्षको तर्फबाट परिचालन भएका सुरक्षाकर्मीलाई सङ्क्रमणकालीन न्यायको सिद्धान्तअनुरूप बिना भेदभाव समान व्यवहार गर्ने प्रबन्ध गर्नुपर्नेछ ।

आयोगले सशस्त्र द्वन्द्वमा भाग नलिएका तर दुवै पक्षबाट द्वन्द्वको चपेटामा परेका नागरिकलाई न्यायको अनुभूति दिलाई राहत र परिपूरण प्रदान गर्ने गरी आवश्यक प्रबन्ध गर्नु उचित हुने सरकारलाई आयोगको धारणा तथा सुझाव छ ।"अब गठन हुने आयोग स्वतन्त्र, सक्षम, सशक्त र पीडितमुखी हुनुपर्छ, आयोगले सत्यको खोज गरी शान्ति, सामाजिक सद्भाव र मेलमिलाप कायम गराउँदा पीडितको परिवारको पीडालाई सम्बोधन गर्नुपर्छ ।रासस


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : धन बृद्धि सञ्चय । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : प्रेम प्रसंग, मित्र सुख । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# उपराष्ट्रपति पुनद्वारा तान्त्रिक भैरव नाच अवलोकन

भक्तपुर । उपराष्ट्रपति नन्दबहादुर पुनले ऐतिहासिक एवं धार्मिक महत्वको लायकू भैलः नाचको अवलोकन गर्नुभएको छ । आइतबार बिहान सम्पन्न भएको पहिलो दिनको नाच रातभर वर्षाको पर्वाहसमेत नगरी सञ्चालन भएको थियो ।

लायकू भैलः नाचको अवलोकन गर्न शनिबार राति मध्यपुरथिमिको बालकुमारी मन्दिरको डबलीमा पुग्नुभएका उहाँलाई मध्यपुरथिमि नगर प्रमुख



सुरेन्द्र श्रेष्ठ, उपप्रमुख विजयकृष्ण श्रेष्ठलगायतले स्वागत गर्नुभएको थियो । सो अवसरमा उपराष्ट्रपति पुनले बालकुमारी मन्दिरको डबलीमा ऐतिहासिक भैरव नाचको अवलोकन गरी लायकू भैलः नाचको सांस्कृतिक, धार्मिक एवं ऐतिहासिक महत्वका बारेमा जानकारी लिनुभएको थियो ।

तान्त्रिक विधि र शक्तिअनुसार सञ्चालन गरिने मल्लकालीन लायकू भैलः नाच लायकू, दथुटोल, मरूटोल, बालकुमारी परिक्रमा गरी पुनः लायकू, दुईपोखरी, दिगु भैर वसम्म परिक्रमा गरी पुनः लायकू दरबारमा पुऱ्याइन्छ । उपराष्ट्रपति पुनलाई भैरव नाचका गुरु अर्जुन श्रेष्ठले टीका तथा प्रसाद र निरञ्जन श्रेष्ठले फूलमालाका साथ प्रसाद प्रदान गर्नुभएको थियो । सोही अवसरमा उहाँलाई नगर प्रमुख श्रेष्ठले भैरव नाचको तस्वीर र नाच गुरु अर्जुन श्रेष्ठले भैरवको मुखुण्डो प्रदान गर्नुभयो ।

भैरव दुई, दायगी दुई, ज्यापुगचा एक गरी पाँच देवगण हुने नाच गाईजात्राको भोलिपल्ट भाद्र कृष्ण द्वितीया (गुंलागा द्वितीया)देखि चार रात यही साउन ३१ गते पञ्चमीसम्म मनाइने नाच सञ्चालन एवं व्यवस्थापन समितिका संयोजक एवं गुरु अर्जुनले जानकारी दिनुभयो । पैतालीस

वर्षसम्म बन्द भएर लोपोन्मुख अवस्थामा पुगेपछि स्थानीयको पहल र नगरपालिका तथा दाताहरूको सहयोगमा यहाँका युवाको सक्रियतामा पुनः सञ्चालनमा आएको तान्त्रिक एवं ऐतिहासिक भैरव नाच गत दुई वर्ष कोरोना भाइरस सङ्क्रमण महामारीका कारण सञ्चालन गर्न नसके पनि यस वर्ष भने पुनः सञ्चालन गरिएको हो ।

भैलः दुई, दाःगिं दुई र ज्यापुंःचा एक गरी पाँच देवगण सहभागी हुने नाचमा यस वर्ष ज्यापुंःचा रिसल श्रेष्ठ, न्हापा भैलः उज्जवल श्रेष्ठ, लिपा भैलः रोमन श्रेष्ठ, न्हापा दायगं सुजल श्रेष्ठ र लिपा दायगं श्रयन श्रेष्ठले नाच नाच्नुभएको छ । भैरवले खड्ग, कुमारीले डमरु र ज्यापुंःचाले कपासको बियाँ, अक्षता र चामल भुटेर तयार गरिएको तायू भएको भाँडो, हातमा लिएर बाजाको विभिन्न तालमा हाउभाउ प्रस्तुत गर्दै नाच्ने गरिन्छ ।

नाचका क्रममा भैलः र दागिंले क्रोधित मुद्रा प्रस्तुत गरेपछि ज्यापुंगःचाले हानेर शान्त बनाइन्छ भने नाचको लागि बाजा बजाउने टोलीमा १२ जनाले दागः, आठ जनाले भुस्याः, आठै जनाले पोङ्गा र चार जनाले म्वायेली बजाउने गरिन्छ । नाचको क्रममा भैरव र कुमारीले बेला-बेलामा क्रोधित भएर नाच्ने र ज्यापुंगले शान्त बनाउने गर्दछन् भने नाचका लागि १२ जनाले दागः, आठ जनाले भुस्याः, आठ जनाले पोङ्गा र चार जनाले मुहाली बजाई सुर ताल दिने संयोजक श्रेष्ठले जानकारी दिनुभयो ।

धाः बाजाको विभिन्न ३० देखि ३२ तालमा नचाउने यस नाच विभिन्न टोल तथा देवालयहरूमा दुईदेखि तीन तालसम्म मात्र नचाइने चलन छ भने नृत्यनाथ (नसःद्य)को प्राङ्गणमा भने नचाउन अनिवार्य छ । मन्त्रोचारण गरी नाच निकालिसकेपछि नाच समापन नभएसम्म देवता बनेर नाच्ने व्यक्तिले कसैको जुठो खान नहुने, शुद्ध भएर बस्नुपर्ने प्रावधान रहेको छ ।

शास्त्रीय एवं तान्त्रिक विधिको प्रयोग गरी देवगणहरूको शरीरमा शक्ति प्रवेश गराई नाच नचाउने परम्परा रहेको गुरु श्रेष्ठको भनाइ छ । उनीहरूलाई तीन सातादेखि प्रत्येक दिन साँझ नाच प्रदर्शनका लागि तान्त्रिक विधिको प्रयोग गरी प्रशिक्षण दिइएको थियो । नाच सञ्चालनका लागि कोष खडा गरी आवश्यक रकम नगरपालिकादेखि विभिन्न दाता, सङ्घसंस्था र स्थानीय बासिन्दाले सहयोग गरेका छन् ।

प्राचीनकालमा मध्यपुरथिमि क्षेत्रका बासिन्दालाई भूतप्रेत, पिसाचले दुःख हाहाकार मच्चाएका थिए । त्यसबाट मुक्ति पाउनका लागि लायकूका सञ्चालक सक्रिय भएर शास्त्रका विज्ञ, तान्त्रिक र विद्धानसँग छलफल गरी स्थानीय मानिसहरूमा तान्त्रिक विद्यामार्फत मानिसको शरीरमा भैरव, कुमारीको शक्ति प्रवेश गराई क्रोधित मुद्रामा टोल-टोलमा नचाएपछि भूतप्रेत टिक्न नसकेकाले त्यसपछि यो नाच चल्दै आएको किंवदन्ती रहेको यहाँका अन्य बासिन्दाले जनाएका छन् ।रासस

# तारकेश्वरमा सौर्य बत्ती जडान गरिने



काठमाण्डु । काठमाण्डुको तारकेश्वर नगरपालिकाका सडकमा सौर्य बत्ती जडान गरिने भएको छ ।

नगरपालिकाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको प्राविधिक सहयोगमा नगर उज्यालो कार्यक्रमअन्तर्गत मुख्य सडकमा तीन सय ४० सोलार बत्ती जडान गर्न लागेको हो । नगरपालिकाका प्रमुख कृष्णहरि महर्जनले रु दुई करोड ६० लाखमा नगरपालिकाभित्रको मुख्य सडकमा सौर्य बत्ती जडान गर्न लागेको जानकारी दिनुभयो । उहाँका अनुसार ५० मिटर दूरीमा सडक बत्ती जडान गरिनेछ ।

नगरप्रमुख महर्जनले जरट्टुदेखि काभ्रेस्थलीसम्म, जरट्टुदेखि चिसापानीसम्म, नेपालटारदेखि साङ्लासम्म, लोकतान्त्रिकचोकदेखि फुटुङसम्म र महादेवखोला करिडोरमा सौर्य बत्ती जडान गर्ने बताउनुभयो ।"मुख्य सडकबाहेक आवश्यक परेको ठाउँमा भित्रि सडकमा समेत बत्ती जडान गर्छौं', उहाँले भन्नुभयो ।

यस्तै, नगरपालिकाभित्रका बिजुली तारलाई भूमिगत गर्ने भएको छ । नगरपालिकाका प्रमुख महर्जनले नेपाल विद्युत् प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सिइओ) कुलमान घिसिङलाई भेटेर नगरपालिकाभित्रको अव्यवस्थित बिजुलीका तार भूमिगत गर्नेबारे ध्यानाकर्षण गराउनुभएको छ ।रासस

# नेरेसो काठमाण्डु सभापतिमा डोटेल

काठमाण्डु । नेपाल रेडक्रस सोसाइटी काठमाण्डु जिल्ला शाखाको सभापति पदमा श्यामकाजी डोटेल निर्वाचित हुनुभएको छ ।

शनिबार सम्पन्न शाखाको ४२औँ अधिवेशनमा उहाँले ६९ मत प्राप्त गरी सो पदमा निर्वाचित हुनुभएको हो । यस अगाडि उहाँ शाखाको मन्त्री हुनुहुन्थ्यो ।

नवनिर्वाचित सभापति डोटेलको निकटतम् प्रतिस्पर्धी लबराज श्रेष्ठले ३४ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकारी एवं नेरेसो भक्तपुरका शाखाको मन्त्री पर्शुराम पाण्डेले जानकारी दिनुभयो । यसैगरी शाखाको उपसभापतिद्वयमा विष्णुमान मानन्धर, अञ्जना श्रेष्ठ मास्के, मन्त्रीमा बृदिमान शाक्य, कोषाध्यक्षमा लक्ष्मीरत्न तुलाधर, उपमन्त्रीमा सुनिलकुमार श्रेष्ठ, उपकोषाध्यक्षमा नवराज भण्डारी निर्वाचित हुनुभएको छ ।



यसैगरी सदस्यमा पुष्कर चालिसे, श्यामलाल तण्डुकार, अमृतनारायण मानन्धर, विदुर भट्टराई, राजेन्द्र बाँनिया, लक्ष्मीप्रसाद कुइँकेल, राजेन्द्रप्रसाद श्रेष्ठ, प्रतिक्षा खरेल, मञ्जु पाण्डे र सब्बरानी महर्जन चयन हुनुभएको छ ।

निर्वाचनमा जिल्ला शाखाअन्तर्गतका १८ उपशाखामध्ये १७ ले नवनिर्वाचित कार्यसमितिमा प्रतिनिधित्व गरेका छन् । "हामी रेडक्रसको आदर्श, सिद्धान्त र मूल्य-मान्यताअनुसार सामूहिक नेतृत्वमा नेरेसो काठमाडौँलाई लैजान चाहन्छौँ । नवनिर्वाचित कार्यसमितिमा जिल्लाका अधिकांश उपशाखाको प्रतिनिधित्व भएको छ", नवनिर्वाचित शाखा सभापति डोटेलले भन्नुभयो ।

उहाँले काठमाण्डु जिल्ला शाखाको निर्वाचन नेरेसोको कन्द्रीय कार्यसमितिको निर्वाचनका लागि उदाहरण बन्न सक्ने बताउनुभयो । शाखाले पछिल्लो समय कोभिड-१९ विरुद्धको खोप लगाउन सरकारलाई सहजीकरण गरिरहेको छ । साथै सहरी विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य, रक्तसञ्चार सेवा, प्राथमिक उपचार सेवालगायत मानवीय सेवाका कार्यक्रम शाखाले सञ्चालन गरिरहेको छ ।

# शाखा सडकबाट आएको पहिराले मुख्य सडक अवरुद्ध

काठमाण्डु । नारायणगढ-मुग्लिन सडकमा शाखा सडकबाट आएको पहिराका कारण ठाउँठाउँमा मुख्य सडक अवरुद्ध भइरहेको छ ।

मुख्य सडकसँग जोडिने गरी वा त्योभन्दा माथिल्लो भागमा स्थानीय तह तथा प्रदेश सरकारले शाखा सडक खन्ने गरेका छन् । स्थानीयस्तरमा प्रयोगका लागि बनाइएका ती सडक खन्दा आएको पहिराले मुख्य सडक अवरुद्ध हुने गरेको हो । राष्ट्रिय राजमार्ग जोडेर शाखा सडक बनाउँदा कुनै समन्वय नहुने सडक विभागले जनाएको छ ।



मुख्य सडकभन्दा झण्डै दुई सय ५० मिटर माथिबाट पहिरो खस्दा मौरी खोला पुलमा पुरिएर पटकपटक सडक अवरुद्ध भइरहेको छ । यो वर्षाका कारणले नारायणगढ-मुग्लिन सडकमा ठाउँठाउँमा सडक अवरुद्ध भइरहेको छ । अहिले मौरी खोला पुल र अरु दुई-तीन स्थानका सडकमा बाढी र पहिराका कारण पटकपटक सडक अवरुद्ध भइरहेको सडक विभागले जनाएको छ । नारायणगढ-मुग्लिन सडकमा मौरी खोला पुल र अरु दुई-तीन ठाउँमा मात्रै यस वर्ष सडक अवरुद्ध हुने समस्या भइरहेको छ ।

मौरी खोलामा झण्डै तीन-चार सय मिटर माथिबाट पहिरोले ढुङ्गा, गेग्रान ल्याउँदा पुल पुरिएको विभागका महानिर्देशक अर्जुनजङ्ग थापाले बताउनुभयो । पहिराले पुल पुरिँदा सडक पटकपटक अवरुद्ध भइरहेको र विभागले खुलाइरहेको उहाँले बताउनुभयो ।

मौरी खोला पुलभन्दा माथिल्लो भागमा एउटा कच्ची सडक निर्माण हुँदा त्यसका कारण यस वर्ष पुलमा बढी असर पुगेको उहाँले बताउनुभयो । सो शाखा सडक आठ/दश वर्ष पहिले निर्माण सुरु भएको थियो । त्यो सडकका कारण अझै बढी गेग्रान आइरहेको उहाँले बताउनुभयो । पहिले स्थानीय सडक भए पनि यस वर्ष सडकलाई निर्वाचन क्षेत्र सडकमा पारेपछि अब विभागको कार्यक्षेत्रमा परेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "सडकका कारण यस वर्ष पहिरो बढ्न गएको हो ।"

विसं २०६० मा पनि सो स्थानमा पहिरो आएकाले जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को सहयोगमा ड्याम निर्माण गरिएको थियो । त्यसमा गत वर्ष क्षति भएपछि विभागले मर्मत गरे पनि यस वर्ष पहिराले पूर्णरुपमा पुरेको छ । माटो हटाएर पुल सफा गरिरहेको महानिर्देशक थापाले बताउनुभयो । पहिरो खुलाउन सो स्थानमा पहिले तीन उपकरण राखिएकामा अहिले एक थप गरिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "पहिराको जानकारी प्रहरी, स्थानीयवासी कसैले देखेमा लोडर वा स्काभेटर अपरेटरलाई दिँदा तत्काल पहिरो हटाउन सुरु गरिँदै आएको छ ।"

गत वर्ष वर्षाको समयमा धेरै ठाउँमा सडक अवरुद्ध हुने गरेको थियो । अहिले बाढी र पहिराका कारण हुने क्षतिको न्यूनीकरणका लागि विभिन्न संरचना बनाइएको सडक विभागले जनाएको छ । गत वर्षमा भित्ता काटेर पहिरो नियन्त्रणका लागि बनाइएको संरचना, नदीले कटान नगरोस् भनी निर्माण भएका पाइल र ठाउँठाउँमा वृक्षरोपण गर्दा पहिराको जोखिम केही कम भएको विभागका महानिर्देशक थापाले बताउनुभयो ।

सडकको भित्ता काटेपछि ठाउँठाउँमा विभिन्न प्रविधि प्रयोग गरेर बलियो बनाइएको उहाँले बताउनुभयो । भित्ताभरि प्वाल पारेर छ-आठ मिटर लम्बाइको रड छिराएर त्यसमाथि जाली लगाइ त्यसलाई स्थिर बनाइएको हो । ती संरचना निर्माण गरिएको स्थानमा अहिले पहिरो नगएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "ठाउँठाउँमा त्यो अहिले पनि देख्न सकिन्छ, कतै भने घाँस उम्रिसकेको छ ।" सो सडकमा गत वर्षमा नारायणी नदीले तलबाट तानेर सडक भत्कने गरेको महानिर्देशक थापाले बताउनुभयो । अहिले ठाउँठाउँमा कङ्क्रिट ब्लक राखिएको छ । नारायणी किनारमा १७ किमीमा पाइल राखिएको उहाँले बताउनुभयो ।

सडकमा खाल्डा हुँदा माटो, ग्राभेलले पुर्ने र पकाएर राखेको अलकत्राले टाल्ने गरिएको छ । तीन/चार महिना पहिलेदेखि अलकत्रा पकाएर बोरामा राखिने गरिएको महानिर्देशक थापाले बताउनुभयो । विशेष केमिकलमा नयाँ प्रविधि प्रयोग गरेर पकाइएको अलकत्रा बोरामा राख्न मिल्ने र जहाँ खाल्डा भयो त्यहाँ टालिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "धेरै बिग्रिएमा गर्न गाह्रो भए पनि ससाना खाल्डामा सकिन्छ ।"

स्थानीयस्तरमा जतासुकै शाखा सडक खोल्दा पहिरो आउँदा राजमार्ग अवरुद्ध हुने अवस्था आइरहेको महानिर्देशक थापाले बताउनुभयो । पहिरो पन्छाउन पनि नजिकै विद्युत् र टेलिफोनको लाइन हुँदा समस्या रहेको उहाँले बताउनुभयो । तार र खम्बा सडकभन्दा केही टाढा नभएर मुख्य सडकमै हुँदा डोजर, लोडर र स्काभेटर चलाउन नसकिने अवस्था रहेको छ । उहाँले भन्नुभयो, "नाङ्गो तारमा मेसिनले छुँदा पनि जोखिम छ ।"

अहिले पहिरो पन्छाउनभन्दा पनि जाम खुल्न बढी समय लाग्ने गरेको छ । सडकको अवरोध पन्छाएर खुलेपछि गाडी आठ/नौ घण्टा रोकिनुपर्ने अवस्था रहेको महानिर्देशक थापाले बताउनुभयो । तीन/चार घण्टामा सडक खुले पनि अगाडि जाने गाडीको तछाडमछाडले गर्दा त्यो क्षेत्रमा जाम हट्न आठ/नौ घण्टा लाग्ने गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले भनेपछि गृह मन्त्रालयबाट लेन अनुशासन कायम गराउन निर्देशन भए पनि पूर्णरुपमा पालना भइसकेको छैन ।"

विगतका वर्षमा विस्तार गरिएको नारायणगढ-मुग्लिन सडकमा हाल पुल निर्माणको काम भइरहेको छ । विगतमा कम चौडाइका पुल रहेकामा तिनलाई सडक जतिकै चौडाइ कायम गर्न पुरानो पुल भएको ठाउँसँगै नयाँ पुल निर्माण भइरहेको छ । सरकारले मुग्लिन-नारायणगढ, मुग्लिन-पोखरा र नारायणगढ-बुटवल सडक विस्तारसमेत अघि बढाइरहेको छ ।रासस

# दोषीलाई उन्मुक्ति नदिने गरी विधेयक परिमार्जन गर्नुपर्नेमा जोड

काठमाण्डु । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयकमा मानवीय कानूनविपरीत गरिएका कार्यलाई तथा सम्बन्धित दोषीलाई उन्मुक्ति नदिने गरी परिमार्जन गर्नुपर्नेमा विभिन्न राजनीतिक दलका प्रतिनिधिले सुझाव दिनुभएको छ ।

यहाँ आइतबार आयोजित कार्यक्रममा द्वन्द्वका समयमा अन्तर्राष्ट्रिय कानूनविपरीत हत्या, यौन हिंसालगायत अपराधमा संलग्न पक्षलाई कडाइका साथ दण्डित गर्ने गरी विधेयक परिमार्जन गर्न सहभागी वक्ताहरुले जोड दिनुभएको हो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य नानु बाँस्तोलाले सशस्त्र द्वन्द्वमा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको गम्भीर उल्लङ्घन भएका विषयलाई उन्मुक्ति दिन नहुने बताउँदै अन्यायमा परेका पीडित पक्षलाई न्याय उपलब्ध गराउने गरी विधेयक संशोधन गर्न सुझाउनुभयो । प्रतिनिधिसभा सदस्यद्वय पार्वती विसङ्क र अमृता थापाले अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानूनविपरीत युद्धअपराध गरिएका विषयमा दोषीलाई उन्मुक्ति दिन नहुनेमा जोड दिनुभयो । नेकपा (एकीकृत समाजवादी) की केन्द्रीय सदस्य चुनु केसी र राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय सदस्य निनु भेटवालले ससंद्मा टेबल भइसकेको उक्त विधेयकमा पीडितपक्षलाई न्यायको अनुभूति हुने गरी परिमार्जन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।


वरिष्ठ सञ्चारकर्मी निर्मला शर्माले द्वन्द्व प्रभावितलाई छलफल नगरी ल्याइएको विधेयकमा प्रदेशस्तरीय छलफल गरी सम्बन्धित पक्षको सुझाव लिनुपर्ने खाँचो औँल्याउनुभयो ।रासस

# अख्तियारद्वारा गाउँपालिकाका अधिकृतविरुद्ध मुद्दा दर्ता

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयले कैलालीको मोहन्याल गाउँपालिकाका अधिकृत (छैटौँ तह) दीपेन्द्र बुढा क्षेत्रीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

गत साउन १ गते आयोगको कार्यालय कञ्चनपुरबाट खटिएको टोलीले सेवाग्राहीसँग रु ३० हजार घुस रकम लिएको भन्दै क्षेत्रीलाई नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानका क्रममा अधिकृत क्षेत्रीले सामानको बिल भुक्तानी गर्नका निम्ति सेवाग्राहीसँग घुस माग गरी रु १४ हजार बैंक खातामा ट्रान्सफर गर्न लगाएको र रु ३० हजार उनको साथबाट




बरामद भएको पुष्टि हुन आएको आयोगले जनाएको छ ।

क्षेत्रीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसूर गरेको भन्दै आयोगले बिगो रु ४४ हजारसहित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद तथा जरिवानाको सजायको मागदावी गर्दै आज विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरिएको हो ।रासस

# निर्वाचनमा सहयोगी भूमिका निर्वाह गर्न आयोगको अपिल

काठमाण्डु । निर्वाचन आयोगले राष्ट्रिय सञ्चारमाध्यमलाई आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनलाई सफल तुल्याउन उपयुक्त वातावरण बनाउने काममा सहयोग पुऱ्याउन आह्वान गरेको छ ।

आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित, निश्पक्ष र मितव्ययी बनाउन आमसञ्चार माध्यमको भूमिका महत्वपूर्ण हुने भएकाले सत्यतथ्य समाचार सामग्री सम्प्रेषण गर्न सम्बद्ध पक्षको ध्यानाकर्षण गरेको छ ।



आयोगद्वारा यहाँ आइतबार आयोजित आमसञ्चार माध्यममका सम्पादक तथा प्रमुखसँगको छलफलमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आगामी निर्वाचन सफल तुल्याउन महत्वपूर्ण भूमिका रहेको मुलुकका जिम्मेवारी आमसञ्चार माध्यमबाट यसअघि जस्तै सकारात्मक भूमिका प्राप्त विश्वास व्यक्त गर्नुभयो ।

आयोगले निर्वाचन कार्यतालिका निर्माण, निर्देशिका एवं कार्यविधि तर्जुमा/परिमार्जन, राजनीतिक दल दर्ता आह्वान, आर्थिक व्यवस्थापन कार्यविधि, बजेट तर्जुमा र मतदाता नामावली अद्यावधिक गर्ने काम सुरु गरेको उहाँले जानकारी दिनुभयो । आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा हालसम्म एक करोड ८२ लाख कूल मतदाता र करिब १० हजार आठ सय २५ मतदानस्थल रहेको आयोगले जनाएको छ । त्यसैगरी अस्थायी मतदान केन्द्रबाहेक करिब २२ हजार ५०० मतदान केन्द्र रहनेछन् । आगामी निर्वाचनका क्रममा करिब रु १० अर्ब खर्च हुने आयोगले जनाएको छ ।

त्यसैगरी आयोगले मतदातास्थलको पुनरावलोकन, सामनुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम र अन्तर्राष्ट्रिय संस्थालाई पर्यवेक्षणका लागि आह्वान गरेको छ । निर्वाचन आचारसंहितालाई थप व्यावहारिक बनाउने, सञ्चारमाध्यमलाई स्वनियमन गर्न प्रेरित गर्ने, सामाजिक सञ्जालमार्फत हुने राजनीतिक विज्ञापनको अनुगमन गर्ने र निर्वाचन खर्चप्रतिको धारणा र त्यसको वास्तविकताप्रतिको बुझाइ स्पष्ट गर्ने आयोगको सोच छ । आयोगले खर्चको सीमा सूत्रमा आधारित प्रणाली अवलम्बन गरी आवश्यक प्रक्रिया अघि बढाइने जनाएको छ ।रासस

# विदेश पठाइदिने लोभ देखाएर रु २२ लाख ठगी, दुई पक्राउ

काठमाण्डु । बेलायत र दुबई पठाइदिन्छु भन्दै विभिन्न व्यक्तिले रु २२ लाखभन्दा बढी ठगी गरेको पाइएको छ । प्रहरीले दुई छुट्टाछुट्टै ठगी अपराधमा संलग्न रहेको आरोपमा आइतबार दुई जनालाई पक्राउ गरेको छ ।

बेलायत पठाइदिने लोभ देखाएर रु १५ लाख ठगी गरेको अभियोगमा काठमाण्डु महानगरपालिका-२९ सामाखुसी बस्ने इलामका ३७ वर्षीय प्रकाश राईलाई प्रहरीले पक्राउ गरेको छ । राईले पाँच जनालाई सिजनल भिसामा बेलायत जानका लागि प्रतिव्यक्ति रु नौ लाख लाग्ने र त्यहाँको कम्पनीमा रु चार लाख तलब हुन्छ भनी लोभ देखाएर पाँच जनाबाट प्रतिव्यक्ति रु तीन लाख ठगी गरेको खुल्न आएको छ ।

त्यसपछि फरार रहेका उनलाई उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले सिनामङ्गलबाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग बुद्धनगरमा पठाइएको छ ।

यता दुबई पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा काठमाण्डुको टोखा बस्ने सिन्धुपाल्चोक सुनकोसी गाउँपालिका-७ खाडीचौरका २७ वर्षीय अविनाश कार्कीलाई पनि आजै प्रहरीले पक्राउ गरेको छ ।

वर्किङ भिसामा दुबई जानका लागि रु सात लाख ५० हजार लाग्ने र त्यहाँ मासिक रु एक लाखसम्म तलब हुने भनी रु सात लाख ५० हजार लिई उनी फरार भएका थिए । उनलाई पनि सोही कार्यालयबाट खटिएको प्रहरीले आइतबार गोङ्गबुबाट पक्राउ गरी थप कारबाहीका लागि विभागमा पठाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।रासस

जनकपुर टुडे
२०७९ साल साउन ३० गते सोमबार (15 August, Monday, 2022)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# वेमौसमी धर्ना

प्रदेश सरकारले आइतवार देखि धर्ना शुरु गरेको छ। प्रदेश सरकारका मुख्यमन्त्री लालबाबु राउतकै नेतृत्वमा धर्ना कार्यक्रम शुरु गरिएको छ। प्रहरी ऐन कार्यान्वयनको माग गर्दै प्रदेश सरकारले आन्दोलन थालेका छन्। तर, धर्नाको व्यापक आलोचना भई रहेको छ। प्रदेश सकारले थालेको आन्दोलन बेमौसमी रहेको भन्दै व्यापक आलोचना भई रहँदा पनि त्यो जारी रहने प्रदेश सरकारले जनाएको छ। प्रदेश र संघ दुवै ठाउँ पाँच दलीय गठबन्धनको सरकार रहेपनि यस्ता प्रकारको धर्ना दिनु औचित्यहीन रहेको भन्दै समाजिक सञ्जालहरुमा व्यापक आलोचना भई रहेको छ। प्रदेश सरकारले बेटी पढाउ, वेटी बचाउ अभियान, स्वच्छता अभियान लगायतमा व्यापक अनियमितता गरेको भन्दै आम जनतालाई बङ्ग्याउन प्रहरी ऐनको बहानाबाजी गरिरहेको आरोप लगाइएको छ। प्रदेश सरकार चुनावी रणनीति अनुसार धर्नाको कार्यक्रम थालेको आरोप लगाइएको छ। प्रदेश सरकारले थालेको आन्दोलनले सरकारले गरेको अनियमितता, भ्रष्टाचारलाई ढाकछोप गर्न मलजल गर्नेभएकाले आन्दोलनको थालनी गरिएको छ। प्रतिपक्षी दल त थप कडा भएर प्रतिक्रिया दिएको छ। प्रतिपक्षी दलले जनकपुरधाममा आन्दोलन त्यो पनि प्रदेश प्रमुखको कार्यालय अगाडि त्यसले प्रहरी ऐन कार्यान्वयन हुन्छ ? त्यस्तै तराई मधेश लोकतान्त्रिक पार्टीले पनि प्रहरी ऐन लागु गराउनकालागि सिंहदरवारमा आन्दोलन गर्नुपर्ने तर्क गरेको छ। पार्टीका अध्यक्ष वृषेशचन्द्र लालले धर्ना, आन्दोलन कस्को विरुद्धमा भनि टिप्पणी समेत गरेका छन्। प्रदेश सरकारवाट जनतामा धेरैनै आशा र विश्वास थियो। जनताले केही गरेर प्रदेश सरकार देखाउने भनि आशा लिएका थिए तर, त्यसको उल्टो कामहरु हुँदा जनतामा धेरैनै निराश छन्। हुनत पाँच दलीय गठबन्धनले आगामी निर्वाचनमा सवै दललाई फाइदा पुग्ने छ तर, मधेश सरकारले हेरेको सपना भने साकार हुन्छ भने देखिदैन्। जनताले चाहेका र अपेक्षा गरे अनुसार काम हुन नसक्दा त्यसको परिणाम आगामी निर्वाचनमा भने देखिन सकिन्छ। प्रदेशका नेतृत्वकर्तामाथिनै पटक पटक अनियमितता, भ्रष्टाचारको आरोप लागि रहेको अवस्थामा पार्टीले पनि राम्रो प्रदर्शन गर्न सक्छ भने देखिदैन्। पार्टीले राखेको भिजन र समृद्ध मधेशको हेरेको सपना भने सरकार प्रमुख र मन्त्रीहरुले साकार गर्न सक्दैन्। पाँच बर्ष पुग्न लागेको प्रदेश सरकारको शुरु देखिनै नेतृत्व लिइए पनि त्यसको परिणाम भने सकारात्मक देखिदैन्। त्यसैले बेमौसमी आन्दोलन भन्दा अहिले पनि जनतामुखी काम गरी जनतालाई सहज बनाउनु जरुरी देखिन्छ।

# नेपाल–भारत मैत्रीको प्रतीक १५ अगस्त



श्रीमन नारायण

१५ अगस्तको दिनलाई भारतीयहरुले स्वतन्त्रता दिवसको रुपमा मनाउने गर्दछन् तर यो दिन नेपाल र भारत दुवैको निम्ति समान रुपले उल्लास एवं सम्मानको दिन हो। भारतको स्वतन्त्रता आन्दोलनको सफलतापश्चात् मात्रै नेपालमा राणाविरोधी आन्दोलनले ऊर्जा प्राप्त गरेको थियो। नेपालमा प्रजातन्त्रको स्थापनाका निम्ति भारतको सहयोग, सदभाव र समर्थन बिर्सी नसक्नु छ। नेपाल र भारत परम्परागत छिमेकी राष्ट्र हुन्। दुई देशका जनताबीचको सम्बन्ध दुवै देशको इतिहासभन्दा पनि पुरानो छ। खुला सिमाना, धार्मिक, सांस्कृतिक, आर्थिक र राजनीतिक सम्बन्धले हामीबीचको मित्रतालाई अझ बढी प्रगाढ बनाएको छ। यी दुई देशका बहुआयामिक सम्बन्धका केही पक्षहरुलाई विश्लेषण यसरी पनि गर्न सकिन्छ।

राजनीतिक( विसं. १९६२ मा राणा प्रधानमन्त्री श्री ३ चन्द्र शम्शेरको पालामा माधवराज जोशीले आफ्ना मित्र भारतका पञ्जाबी मास्टर गुरुदयाल बीएलाई भदौ महीनामा काठमाडौंको डाँडा कटाउँदा नेपालमा प्रजातन्त्र स्थापनार्थ शहीद हुने पहिलो भारतीय थिए। माधवराज जोशी नेपालका पहिलो सहिद शुक्रराज शास्त्रीका वुवा थिए। विसं. १९९० माघ १० गतेका दिन पचली भैरवमा शहीद भएका शुक्रराज शास्त्री पनि महात्मा गाँधी, पण्डित जवाहरलाल नेहरु र नेताजी सुभाषचन्द्र बोसबाट प्रभावित थिए।

२६ जनवरी १९४७ मा कोलकाताको खालसा कलेजमा नेपाली काङ्ग्रेस (तत्कालीन अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेस)को स्थापना भएको थियो। यसको घोषणापत्रमा भारत र नेपालको स्वतन्त्रताको लागि समान रुपमा लड्ने प्रतिबद्धता यस पार्टीका नेताहरुले व्यक्त गरेका थिए। सन् १८५७ को सिपाही विद्रोहलाई कुल्चिन राणा प्रधानमन्त्री जङ्गबहादुरले अङ्ग्रेज शासकलाई गोर्खाली फौज पठाएर वृटिस शासकलाई सहयोगगरेका थिए जबकि नेपालका जनता भने भारतका जनता र विद्रोही आन्दोलनकारीहरुको पक्षमा थिए। भारतको स्वाधिनता आन्दोलनमा शान्तिप्रिय नेपाली जनता महात्मा गाँधीको अपीलमा अहिंसक आन्दोलनमा सहयोग गरिरहेका थिए भने नेपालका कतिपय युवाहरु नेताजी सुभाषचन्द्र बोसको नेतृत्वमा आन्दोलनमा सामेल थिए। नेताजी सुभाषचन्द्र बोसका सहायक पञ्जाब भाक्सुमा जन्मेका मेजर पूर्ण सिंहले नै २००७ सालमा नेपालको जनमुक्ति सेनाको कमान सम्हालेका थिए।

विपी कोइराला स्वयंले आफ्नो पहिलो कविता इ.सं. १९३० मा हिन्दी भाषामा मुम्बईमा लेखेका थिए, जसको शीर्षक थियो( 'स्वतन्त्र भारतकी जय'। नेपाल कम्युनिस्ट पार्टीको जन्म पनि भारतमै भएको थियो। बनारसमा जन्मेका विपी कोइराला, रामनगरमा जन्मेका कृष्णप्रसाद भट्टराई र सहरसामा जन्मेका गिरिजाप्रसाद कोइराला नेपालमा प्रधानमन्त्री भए। नेपालमा राणा विरोधी आन्दोलनमा सप्तरीको कुशहाघाटमा शहादत दिने डा कुलदीप पनि भारतीय नै थिए। जनआन्दोलन(२ मा बिहार सीतामढीका मोहम्मद जहागिरले बानेश्वर काठमाडौंमा शहादत दिएका थिए। भारतको स्वाधिनता आन्दोलनताका भारतका आन्दोलनकारीहरु अङ्ग्रेजहरुको व्यापक दमन, अत्याचार एवं गिरफ्तारीबाट बच्न सीमावर्ती नेपालको तराई क्षेत्रमा लुकेर बस्दथे।

सप्तरीको हनुमानगर जेलमा वरिष्ठ भारतीय नेताहरुलाई पनि पक्राउ गरेर राखिएको थियो। स्थानीय जनताले जेल फुटाई तिनलाई मुक्त गराएका थिए। पश्चिमी तराईमा अवध नवाबका महारानी बेगम हजरत महल पनि अङ्ग्रेजको आतथ्बाट बच्न महीनौं कपिलवस्तुमा समय बिताएकी थिइन्। स्व. विपी कोइराला र मनमोहन अधिकारी त भारतको स्वाधिनता आन्दोलनमा पक्राउ पनि परेका थिए। बिहारको राजधानी पटनामा स्व. विपी कोइरालाको स्मारक हुनु यसैको सयेत हो। नेपाली काङ्ग्रेसले राणा शासनको विरोधमा सशस्त्र सङ्घर्षको उद्घोष पनि रौतहटको सीमावर्ती भारतीय बजार बैरगनिया सम्मेलनबाट गरेका थिए।

जहानियाँ राणा शासनको अन्त्यको निम्ति तत्कालीन राजा त्रिभुवनले काठमाडौंस्थित भारतीय राजदूतावासमा शरण लिएका थिए र विशेष वायुयानमार्फत् नयाँ दिल्ली पुगेका थिए। भारतका तत्कालीन प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरुको पहलमा राणा, नेपाली काङ्ग्रेस र राजा त्रिभुवनबीच सम्झौता भई नेपालमा प्रजातन्त्रको स्थापना भएको हो।

भारत स्वतन्त्र भएपछि मात्रै नेपाल र भारतबीच स्वतन्त्र र सार्वभौम दौत्य सम्बन्ध स्थापित भयो र प्रथमपटक भारतका महामहिम श्री सुरजित सिंह मजिठिया भारतको राजदूतको रुपमा नेपाल आए जबकि नेपालको तर्फबाट सम्भवतः श्री सिंह शम्शेर राणा भारतका लागि नेपालका राजदूत नियुक्त हुनुभयो। सन् १९५० को ३१ जुलाईमा नेपाल र भारतबीच भएको शान्ति र मैत्री सन्धिमा सर्वप्रथम दुवै देशलाई समान रुपको स्वतन्त्र, अखण्ड र पूर्ण सार्वभौम सत्ता सम्पन्न देशको दर्जा दिइयो।

विसं. २०१७ साल पुस १ गते तत्कालीन राजा महेन्द्रले संसदीय बहुदलीय व्यवस्थालाई अन्त्य गरी देशमा निर्दलीय शासन लागू गर्दा र नेपालको प्रजातन्त्रवादीहरुलाई जेलमा राख्दा सर्वप्रथम भारतले नै त्यसको विरोध गरेको थियो। नेपालका प्रजातन्त्रवादीहरु पुनः भारतमै निर्वासनमा रहन बाध्य भए। डेढदेखि दुई दशकसम्म नेपाली नेताहरुले भारतमा निर्वासनमा बस्नु पर्यो। वि.सं. २०४६ सालमा प्रजातन्त्र पुनः स्थापनाको आन्दोलनमा पनि भारतका तत्कालीन नेताहरु चन्द्रशेखर, सुब्रमण्यम स्वामी, एमजे अकबर, एम फारुकी र हरकिसन सिंह सुरजितहरु काठमाडौं आएर राजतन्त्रविरोधी सम्बोधनमार्फत् नेपालका प्रजातन्त्रवादीहरुलाई आन्दोलनको निम्ति उत्प्रेरित मात्रै गरेनन् अपितु आन्दोलनमा भारतको पूर्ण सहयोगको वाचा पनि गरे। आन्दोलन सफल पनि रह्यो। फेरि विसं. २०५९ सालमा राजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नो हातमा लिंदा भारतले माओवादी र संसदवादी सात दललाई एउटै थलोमा ल्याई नयाँ दिल्लीमा १२ बुँदे सम्झौता गराई आन्दोलनको निम्ति उत्प्रेरित गर्यो र नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो।

सामाजिक एवं सांस्कृतिक सम्बन्ध( नेपाल र भारतबीच सांस्कृतिक सम्बन्धलाई हामी कुनै निश्चित समयको परिधिभित्र बाँध्न सक्दैनौं किनभने वैदिक ज्ञानको अस्तित्वलाई हामी आफूसँगै सुन्दै र बुझ्दै आएका छौं। धर्म, अध्यात्म र सांस्कृतिक समानताले दुवै देशलाई एक अर्कासित आन्तरिक रुपमा बाँधिदिएको छ कि दुवै देश पृथक भएर पनि अभिन्न छन्। नेपालसित भारतको सम्बन्ध त्यति नै प्राचीन छ, जति प्राचीन यसको सांस्कृतिक चेतना छ। नेपाल र भारत एउटै सांस्कृतिक चेतनाका संवाहक हुन्। हिमालय हामी दुवैको निम्ति आत्मसाधनको स्थल रहिआएको छ। अनन्तकालदेखि नै हिमालयका महान शिखरहरुले हामीलाई आध्यात्मिक शान्ति प्रदान गर्दै आएको छ।

राजनीतिक रुपले नेपाल(भारत दुई पृथक सार्वभौमसत्ता सम्पन्न एवं अलग(अलग अस्तित्वका देश हुन् तर सामाजिक, सांस्कृतिक एवं धार्मिक रुपले यी दुई राष्ट्र एकअर्काका निम्ति अभिन्न हुन्। नेपाल(भारत परस्पर आध्यात्मिक, धार्मिक एवं सांस्कृतिक रुपमा अनन्य भावले जोडिएका छन्। चार धाम, पवित्र तीर्थस्थल, देवीदेवता, पूजन पद्धति, कर्मकाण्डीय मान्यता र संस्कार, ऋषिमुनिहरु, चार वेद, अठार पुराण, गीता, महाभारत, रामायण आदि धर्मशास्त्रहरु तथा हाम्रा महान ऋषिमुनि एवं महापुरुषहरुको महान वाणी तथा दिव्य उपदेश हाम्रो निम्ति साझा र एउटै हुन्।

नेपाल र भारतका आर्यहरु एउटै ऋषिका वंशज हुन्। तसर्थ हाम्रा गोत्र पनि एउटै छ। किरातरुपी भगवान् शिवलाई मान्ने नेपालको पूर्वी पहाड तथा भारतको सिक्किम लगायतका उत्तरी पूर्वी क्षेत्रका आदिवासी, जनजातिबीच पनि सांस्कृतिक समानता रहेको पाइन्छ। दुवै देशका बुद्धमार्गीहरुले भगवान् गौतम बुद्धको स्मरण गर्ने प्रवृत्ति एउटै किसिमको रहेको छ। देवकर्म होस् अथवा पितृकर्म हामीले त्यसको आरम्भ गरी लिने सय्ल्प तथा सम्पूर्ण पूजन कार्यको शब्द र भाषाहरु एउटै हुने गर्दछ। नेपाली र हिन्दीको लिपि पनि संस्कृतकै देवनागिरी रहेको छ। तीन देवता ब्रह्मा, विष्णु र महेश, त्यसैगरी तीन शक्तिहरु महाकाली, महालक्ष्मी र महासरस्वतीलाई हामी समानरुपले पूजा गर्दछौं। पशुपक्षी, जड, जङ्गम सबैमा ईश्वरको अंश हेर्ने हाम्रो साझा मान्यता रहिआएको छ। हिमालय, गङ्गा र पवित्र गाईप्रति हाम्रो अटुट मान्यता एवं आस्थाले हाम्रो सम्बन्धलाई झन्(झन् प्रगाढ बनाएको छ।

त्रेतायुगमा माता जानकी र मर्यादा पुरुषोत्तम रामको विवाह, मिथिला र अयोध्याको सम्बन्ध, द्वापरयुगमा विराट राज्यसित पाण्डवहरुको सम्बन्ध एवं मित्रता तथा भगवान् गौतम बुद्धसमेतको जीवनगाथा नेपाल र भारतको साझा चर्चा नगरी पूर्ण हुन सक्दैन। सामाजिक रीतिरिवाज, खानपान, रहनसहन भेषभुषा र बोलचालको भाषा पनि एकैजस्तै रहेको छ। नेपालको उच्च शिक्षँ अध्ययन गर्न अभाव रहेको बखत भारतका पटनाबाट नेपाली विद्यार्थीहरु विश्वविद्यालयको शिक्षँ ग्रहण गर्दथे। भारतका योग्य गुरुवर्ग, प्रशिक्षक, डाक्टर विज्ञहरुले समय(समयमा आएर नेपालीहरुलाई दीक्षित गरेका छन्। भारतको संविधानमा नेपाली भाषालाई मान्यता दिइएको छ। नेपाली, मैथिली, हिन्दी र भोजपुरीका लेखक, विद्वान एवं साहित्यकारहरु दुवै देशमा छन्। नेपालको कला, सङ्गित, साहित्य र विज्ञानको क्षेत्रमा समेत सहयोग गर्दै आएको छ। भारतीय सिनेमा जगतमा नेपालका अनगिनत कलाकारहरुले मान र सम्मान पाएका छन्। एउटा नेपाली भारतमा पुग्दा अथवा कुनै भारतीय नेपाल भ्रमणमा आउँदा आफ्नै देशमा रहेको जस्तो अनुभूति हुने गर्दछ। नेपाली भाषा(साहित्य र सङ्गितको उन्नयनमा भारतीय विद्वान र कलाकार हरुको पनि महत्त्वपूर्ण योगदान रहिआएको छ।

आर्थिक( नेपाल र भारतबीच द्विपक्षीय आर्थिक सम्बन्धको थालनी सन् १९५० को शान्ति तथा मैत्री सम्बन्धदेखि भएको हो। खासगरी त्रिभुवन राजमार्ग, केन्द्रीय टेलिग्राम सेवा, वीर अस्पताल आदि पूर्वाधारहरु आज पनि दुई पक्षीय सम्बन्धका प्रतीकका रुपमा रहेका छन्। केही वर्ष अघि मात्रै उद्घाटन गरिएको काठमाडौंको राष्ट्रिय ट्रमा सेन्टरको निर्माण पनि भारतकै आर्थिक सहयोगबाट भएको हो।

भारतले नेपालका विभिन्न क्षेत्रमा गरेको सहयोगमा सडकतर्फ पूर्व(पश्चिम महेन्द्र राजमार्ग, त्रिभुवन राजपथ, सुनौली(पोखरा राजमार्ग तथा काठमाडौं(दक्षिणकाली, काठमाडौं(बालाजु, काठमाडौं(त्रिशूली, काठमाडौं(गोदावरी मार्ग हुन्। भारत सरकारको आर्थिक सहयोगमा डेढ हजार किलोमिटर लामो हुलाकी सडकको निर्माण कार्य जारी छ भने तराईका अधिकांश जिल्ला सदरमुकामहरुलाई पूर्व(पश्चिम राजमार्गसित जोड्ने सडकको निर्माण पनि भारत सरकारकै सहयोगमा भएको छ अथवा भइरहेको छ। जलविद्युततर्फ देवीघाट, गण्डक, त्रिशूली, टनकपुरलाई लिन सकिन्छ भने माथिल्लो कर्णाली तथा अरुण तेस्रो जलविद्युत् परियोजनाको निर्माण कार्य पनि भारत सरकारकै सहयोगमा हुने भएको छ। दुवै परियोजना ९/९ सय मेगावाटका हुन्। भारतबाट बिजुलीको आयात भइरहेका कारण विगत केही वर्षदेखि लोडसेडिङ बन्द छ। निकट भविष्यमै नेपालले भारतलाई बिजुली निर्यात गर्न अपेक्षा गर्न सकिन्छ। भारतसित भएको विद्युत् विकास तथा विद्युत् व्यापार सम्झौताले नेपालको अर्थतन्त्रलाई मदत पुऱ्याउने छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा, विराटनगर, जनकपुर, सिमरा र भैरहवा विमानस्थलको निर्माण पनि भारत सरकारकै सहयोगमा भएको छ। त्यसैगरी सञ्चार क्षेत्रमा पूर्व(पश्चिम अप्टिकल फाइबर नेटवर्क, गोश्वारा हुलाक काठमाडौं, वैदेशिक हुलाक कार्यालय भवन, झापा, वीरगंज, विराटनगर तथा जनकपुरधाममा टेलिफोन एक्सचेन्ज भवनको निर्माणमा पनि भारतले सहयोग गरेको हो।

पूर्व(पश्चिम महेन्द्र राजमार्गको कोहलपुर र महेन्द्रनगर सडक अन्तर्गत २२ वटा पुललगायत अन्य क्षेत्रमा दर्जनौं पुलको निर्माण र नदी नियन्त्रणमा समेत सहयोग गरेको छ। बागमती, बकैया र कमला नदीमा तटबन्धको निर्माणमा पनि भारतले सहयोग गरेको छ।

स्वास्थ्य विज्ञान क्षेत्रमा विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रसुति गृह थापाथली, शिक्षण अस्पतालका लागि उपकरण तथा अनेकौं जिल्ला वा अस्पताल भवनको निर्माण, शैक्षिक पूर्वाधार निर्माण क्षेत्रमा त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरको विज्ञान भवन पुस्तकालय, छात्रावास, कर्मचारी भवन, त्रिचन्द्र कलेजको विज्ञान भवन, विराटनगरलगायत देशका विभिन्न भागमा सयकडौं विद्यालय भवनको निर्माणमा सहयोग गरेको छ। यसका अतिरिक्त ग्रामीण विद्युतीयकरण, वीरगंज सुक्खा बन्दरगाहलाई रेलसँग जोड्ने काम, पेट्रोलियम पदार्थको सहज आपूर्तिको लागि अमलेखगंजसम्म पाइपलाइनको निर्माण, सूचना प्रविधिको विकासमा सहयोग, गोरखा रेजिमेन्टमार्फत हजारौं युवालाई जागिर, भारत सरकारले नेपालका करीब सबै जिल्लाहरुमा विकास निर्माणको कार्यक्रममा सहयोग गरेको छ। भारत सरकारले अहिले ८ हजार करोडभन्दा बढी रुपैयाँ लगानी नेपालको विकास निर्माणमा गरेको छ। परियोजनाहरु सञ्चालन पूरा हुने अथवा भइरहेका छन्। हालका दिनमा पनि विभिन्न जिल्लामा अस्पताल भवनको निर्माण, सडक तथा पुलको निर्माण, एम्बुलेन्स तथा स्कूल बस उपहार स्वरुप प्रदान, विभिन्न तहका छात्रहरुलाई निश्शुल्क छात्रवृत्तिमा भारतका स्तरीय क्याम्पस र विश्वविद्यालय अध्ययनको अवसर प्रदान, सीमा चौकीहरुको निर्माण, रेलमार्ग, पूर्वाधारको निर्माण, तराईका १५ वटा जिल्लामा २० भन्दा बढी सडकहरुको निर्माण कार्य सबै तराई क्षेत्र र राजधानीलाई जोड्ने २६ किलोमिटर दूरीको काठमाडौं, हेटौंडा सडकको निर्माणमा पनि भारतले सहयोग गरेको छ। भारतले गरेको सबै सहयोगको उल्लेख गर्नु सम्भव पनि छैन। मित्रताको मापदण्ड लेनदेन मात्रै हुन सक्दैन तथापि दक्षिणी छिमेकी भारतले नेपाललाई गरेको सहयोग मित्रता स्वरुपको उपहार हो। कोभिड १९ को सय्टमा पनि भारतले गरेको सहयोग बिर्सिन नसक्नु छ।

# साढे चार दशकदेखिको सपना साढे चार महिनामा पूरा हुँदै

गण्डकी। पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याउने पोखरेली जनताको साढे चार दशकदेखिको सपना अब भने पूरा हुने अवस्थामा छ। सरकारको घोषित कार्यक्रमअनुसार अबको साढे चार महिनामा यस विमानस्थलबाट उडान हुनेछन्। घोषित योजनाअनुसार चुनौतीका रुपमा खडा भएका ल्याण्डफिल साइटलगायतका केही काम सम्पन्न भएमा आगामी सन् २०२३ को जनवरी १ देखि नवनिर्मित पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा उडान हुनेछन्। विमानस्थल निर्माणकै लागि २०३४ सालदेखि जग्गा अधिकरण गरे पनि लामो समयसम्म काम अघि बढ्न नसकेकामा चिन्तित पोखरावासी यसको निर्माण थाल्नुपर्ने मागसहित लामो समयसम्म सङ्घर्ष गरेको अभियन्तामध्येका एक विश्वशङ्कर पालिखे बताउनुहुन्छ।

'पोखरेलीको लामो समयदेखिको सङ्घर्षको प्रतिफलस्वरुप विमानस्थल सञ्चालनमा आउने अवस्थामा पुग्नु समग्र पोखरेली एवं गण्डकी प्रदेशका लागि हर्षको विषय हो', पोखरा उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष एवं नेपाली कांग्रेस कास्कीका प्रवक्तासमेत रहेका उहाँले भन्नुभयो, "विमानस्थल सञ्चालनमा आउनुपूर्व ल्याण्डफिल साइटको व्यवस्थापनसँगै सयौं वर्षदेखि यस क्षेत्रमा आवतजावत गरिरहेका चराको व्यवस्थापन गर्नु जरुरी देखिन्छ।' नवनिर्मित विमानस्थलको नजिकै रहेको ल्यान्डफिल साइटका कारण चराको गतिविधि निकै रहेको बताउँदै उहाँले ल्याण्डफिल साइट अन्यत्र व्यवस्थापन भए पनि तत्कालै चराका गतिविधि रोक्ने सकिने वा नसकिने कुरामा गम्भीर हुनुपर्नेमा जोड दिनुभयो।

चराका कारणले कुनै दुर्घटना हुन पुग्यो भने त्यसले नकारात्मक असर पार्ने हुँदा बेलैमा त्यसबारे सोचेर अघि बढ्नु जरुरी रहेको उहाँको भनाइ छ। अभियन्ता पालिखेका अनुसार विमानस्थलको निर्माणका लागि पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सरोकार समितिले २०६८ चैत ११ गते विज्ञप्ति प्रकाशन गर्दै सङ्घर्षका कार्यक्रम सुरु गरेकामा चैत १७ गते राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, प्रधानमन्त्री, अर्थमन्त्री, पर्यटनमन्त्री, सार्वजनिक लेखा समिति, प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूलाई पत्राचार गरेको थियो। त्यसयता समयसमयमा विज्ञप्ति, भेला, सरोकारवालाको ध्यानाकर्षण गरेकामा २०६९ सालको दसैं, तिहारजस्ता चाडपर्वमा समेत एकसय ५३ शृत लासम्म दुई हजार चारसय दुई जनाद्वारा रिले अनसन गरिएको थियो। विमानस्थल निर्माणका लागि पोखरेली जनताको लामो सङ्घर्षको इतिहास जोडिएको पालिखेले बताउनुभयो। चार वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७३ वैशाख १ गते शिलान्यास गर्नुभएको थियो। निर्माणको जिम्मा चिनियाँ निर्माण कम्पनी सिएमसिइले पाएको थियो। चीनको एक्जिम बैंकको ऋण तथा अनुदान सहयोगमा करिब २२ अर्ब रुपैयाँको लागतमा विमानस्थलको निर्माण भएको हो। विमानस्थल करिब ती हजार ७०० रोपनी क्षेत्रफलमा निर्माण भएको छ।

विमानस्थल सञ्चालनका लागि तयार भइसकेको र ल्याण्डफिल साइटको व्यवस्थापन र रिठ्ठेपानीको डाँडा कटानको काम बाँकी रहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानलस्थल निर्माण आयोजनाका प्रमुख विनेस मुनकर्मीले जानकारी दिनुभयो। उहाँका अनुसार डाँडा कटानको काम आगामी अक्टोबरभित्र नै सकिनेछ। विमानस्थलमा न्यारोबडी एयर बस तीनसय २० र बोइङ सातसय ३५ जहाज उडान र अवतरण गर्न सकिन्छ जुन दुईसय सिटभन्दा कम क्षमताका हुन्। यस विमानस्थलमा तीन ठूला र आठ साना गरी ११ वटा जहाज पार्किङ क्षमता रहेको छ। धावन मार्ग दुई हजार पाँचसय मिटरको रहेको विमानस्थलको चौडाइ ४५ मिटर छ। विमानस्थलमा १४ वटा आन्तरिक र अन्तर्राष्ट्रिय टर्मिनल भवन रहेका छन्।

विमानस्थलको ९३ प्रतिशत काम सम्पन्न भएपछि गत चैतमा चिनियाँ निर्माण कम्पनीले महत्वपूर्ण पूर्वाधार सकिएको भन्दै नेपाललाई हस्तान्तरण गरेको थियो। विमानस्थलको मुख्य भवनसँगै १४ भवनको निर्माण र सजावट गरिसकिएको छ। त्यस्तै आन्तरिक र बाह्य टर्मिनल भवन, धावनमार्ग, एयर ट्राफिक कन्ट्रोल रुम, ट्याक्सी वे, पार्किङ तथा ड्रेन, हाई मास्ट फ्लड लाइट, ट्रान्सफर्मर बक्स, फुटपाथ, लिफ्ट, विमानस्थललाई राजमार्गसँग जोड्ने सडक, विमानस्थलभित्रका स्थानलाई जोड्ने सडक, जहाज पार्किङ, एयर साइड र ल्यान्ड साइडलगायतका काम सबै सम्पन्न भइसकेका छन्।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) को अघिल्लो आइतबार बसेको सञ्चालक समितिको बैठकले आगामी पुस १७ गते (सन् २०२३ जनवरी १) देखि पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याउने निर्णय गरिसकेको छ। विमानस्थल सञ्चालनमा मुख्य बाधक मानिएका ल्याण्डफिल साइटलगायतका समस्या समाधान नहुँदासम्म हवाई उडान सञ्चालन सम्भव नहुने विज्ञहरूले बताउँदै आएका छन्। मुख्य समस्याका रुपमा देखिएको ल्याण्डफिलसाइट सार्ने विषय महानगरपालिकाका लागि पेचिलो बनेको छ।

पोखरा महानगरपालिका-१४ बाच्छेबुडुवामा ल्यान्डफिल साइट सञ्चालनमा आइरहेकामा विमानस्थल सञ्चालनका लागि यो उक्त ठाउँबाट हट्नुपर्ने टड्कारो आवश्यकता छ। महानगरपालिकाले विकल्पका रुपमा विभिन्न स्थान खोजिरहे पनि समस्याको समाधान हुन सकेको छैन। हाल ल्याण्डफिल साइट रहेको बाच्छेबुडुवा नवनिर्मित विमानस्थलबाट करिब दुई किलोमिटर दूरीमा पर्दछ। यसका कारण चराको आवतजावत निकै हुने भएकाले पनि यहाँबाट तत्काल यसलाई अन्यत्र व्यवस्थापन गरिनुपर्ने विषय यतिखेर पेचिलो बन्दै गएको छ।

आगामी जनवरी १ मा हुने उडानलाई प्रभाव नपार्ने गरी ल्याण्डफिल साइटको स्थानान्तरणका लागि महानगरपालिकाले आश्वासन दिएको नागरिक उड्डयन कार्यालय पोखराका प्रमुख विक्रम गौतमले जानकारी दिनुभयो। विमानस्थल सञ्चालनका लागि सम्बद्ध सबै निकायमा छलफल भइरहेको उहाँले बताउनुभयो। महानगरपालिकाले यसअघि ल्याण्डफिल साइडको व्यवस्थापनका लागि विभिन्न ठाउँ नखोजेको भने होइन। पछिल्लो समय पोखराको वडा नं ३३ भरतपोखरीको टिमुरपाटामा ल्याण्डफिल साइट व्यवस्थापनका लागि तयारी गरे पनि त्यसको स्थानीयवासीले विरोध जनाइसकेका छन्। महानगरपालिकाले आर्थिक वर्ष २०७९/८० को बजेटमा वडा नं ३३ टिमुरापाटामा ल्यान्डफिल साइट व्यवस्थापनका लागि १० करोड रुपैयाँ विनियोजन गरिसकेको थियो। यता नागरिक उड्डयन प्राधिकरणले रिठ्ठेपानी डाँडा कटानको माटो हाल रहेको ल्याण्डफिल साइट पुर्नका लागि प्रयोग गर्ने तयारी गरेको छ। ल्याण्डफिलसाइट पुरेपछि खानाको अभावमा चरा बाहिरिने र आसपासका रुख नभएपछि चराको आवतजावत रोकिने विश्वास लिइएको छ।

लामो समय उक्त क्षेत्रमा विचरण गरिरहेका चरा सार्ने विषयलाई भने यस क्षेत्रमा काम गर्नेले त्यति सजिलो मानेका छैनन्। अहिलेको ल्याण्डफिल साइट हटाए पनि त्यहाँ चराको आवतजावत रोक्न न्यूनतम एक वर्ष समय लाग्ने चराका क्षेत्रमा काम गरिरहनुभएका पोखरा पक्षी समाजका अध्यक्ष मनशान्त घिमिरे बताउनुहुन्छ। ल्याण्डफिल साइटमा गिद्ध, चिललगायत थुप्रै प्रजातिका चराहरूको बासस्थान भएको बताउँदै उहाँले आगामी तीन महिनाभित्रै ल्याण्डफिलको व्यवस्था भइसके पनि त्यसबीचको छोटो अवधिमा चरालाई अन्यत्र बासस्थान सार्ने बनाउन नसकिने घिमिरेको तर्क छ। उक्त क्षेत्रमा वर्तमानमा धेरै चराहरु खाने र बस्ने गर्दछन्। उक्त क्षेत्रमा क्षेत्रमै चराहरुले गुँड लगाएका कारण तीनलाई तत्कालै अन्यत्र सार्न सम्भव नभएको उहाँले बताउनुभयो।

विमानस्थलको उत्तरपूर्व विजयपुर खोला र आसपासको क्षेत्रमा गिद्ध र चिल बस्नुका साथै दैनिक आहारा खोज्ने गर्दछन्। सेती नहर हुँदै आउने मरेका जनावरको सिनोको खोजीमा दैनिक गिद्धहरू यस क्षेत्रमा घुम्ने गरेको घिमिरेको भनाइ छ। तथ्याङ्कअनुसार विमानस्थल रहेको क्षेत्रमा विभिन्न एकसय ६२ प्रजातिका चरा पान्इछ। यसअन्तर्गत एकसय ६२ मध्ये पाँच प्रजाति अति सङ्कटापन्न र दुई वटा सङ्कटापन्न प्रजातिका गिद्ध र चरा यस क्षेत्रमा बस्दै आएका छन्। ल्याण्डफिल साइटकै क्षेत्रमा सेतो गिद्धले पहारामा र सानो खैरो गिद्धले सन् २०१४ यता रुखमा गुँड बनाउने गरेको छ।

**प्याराग्लाइडिङको अवस्था के हुनेबारे चिन्ता**

नयाँ विमानस्थल सञ्चालनमा आएसँगै पोखराको साहसिक पर्यटनमा महत्वपूर्ण स्थान ओगेटको सराङकोटको प्याराग्लाइडिङ के हुने हो त्यसबारे चासो र चिन्ता बढ्दै गएको छ। नयाँ विमानस्थल सञ्चालनमा आएसँगै सराङ्कोटबाट प्याराग्लाइडिङ उडान गर्न नमिल्ने प्राधिकरणले जनाएको छ। उडान सुरु भएसँगै प्याराग्लाइडिङ सञ्चालन गर्न नमिल्ने विषयले कतै पोखराबाट यो व्यवसाय नै विस्थापन हुने त होइन भन्ने चिन्ता बढाएको यस क्षेत्रका व्यवसायी बताउँछन्। पोखरामा हाल विभिन्न ६० कम्पनीले प्याराग्लाइडिङको व्यावसायिक उडान सञ्चालन गरिरहेका छन्। पोखरामा करिब तीनसय ६० जना प्याराग्लाइडिङ उडान गर्ने पाइलटले प्रत्यक्ष रोजगारी पाएको नेपाल हवाइ खेलकुद संस्था पोखराका निवर्तमान अध्यक्ष कृष्ण भण्डारीले जानकारी दिनुभयो। "प्याराग्लाइडिङ पोखराको पहिचान पनि हो, यसको सञ्चालनले विमानस्थलको दीर्घकालीन सञ्चालनमा पनि टेवा पुग्नेछ", उहाँले भन्नुभयो, "प्याराग्लाइडिङकै लागि पनि उडानमार्फत आउने पर्यटकले उडान भर्न योगदान पुऱ्याउने हुँदा त्यसतर्फ पनि सोच्नु जरुरी छ।'

उडानका प्राविधिक पक्ष मिलाएरै भने पनि यसलाई निरन्तरता दिने गरी पहल गर्नका लागि सम्बद्ध निकायसँग आग्रह गरिएको भण्डारीले बताउनुभयो। प्याराग्लाइडिङ विस्थापन नगर्नका लागि सम्बद्ध निकायले पनि चासो दिएको छ। एक कार्यक्रमका बीच अघिल्लो साता पोखराको भ्रमणका क्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले पोखराको ब्राण्डका रुपमा रहेको प्याराग्लाइडिङ व्यवसाय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनपछि समेत कायमै राख्ने किसिमले उपाय खोजिने बताउनुभएको थियो।

विमानको सुरक्षामा कुनै असर नपर्ने गरी प्याराग्लाइडिङ व्यवसायलाई कायमै राख्न प्रयत्न गरिने बताउँदै उहाँले "पोखराको ब्राण्ड बनिसकेकाले पर्यटन व्यवसायीले प्याराग्लाइडिङको संरक्षणको माग गर्नुभएको छ। विमानको सेफ्टिमा कुनै पनि सम्झौता गर्नु हुँदैन। सुरक्षामा कुनै पनि असर नपर्ने गरी प्याराग्लाइडिङ व्यवसाय कुनै उपाय हुँदासम्म कायम गर्नुपर्दछ भनेर लागिपरेका छौं।'

मन्त्री श्रेष्ठले आगामी अङ्ग्रेजी नयाँ वर्षदेखि पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा ल्याइने बताउँदै हालसम्म ९८ प्रतिशत काम सकिएको जानकारी दिनुभयो। उहाँले विमानस्थल सञ्चालनका लागि समस्याका रुपमा रहेका रिठेपानी डाँडा कटान र ल्याण्डफिल साइट व्यवस्थापनको काम छिट्टै अघि बढाइने बताउँदैं पोखरा विमानस्थल आगामी जनवरी १ देखि सञ्चालनको निर्णय भएको छ, रिठेपानी डाँडा कटान र ल्याण्डफिल साइट व्यवस्थापनका लागि काम अघि बढाउने प्रक्रिया सुरु गर्नेछौं', भन्नुभयो।

# बीमासम्बन्धी विधेयक पारित



काठमाण्डु। प्रतिनिधिसभाको आइतबारको बैठकमा बीमासम्बन्धी विधेयक, २०७५ पारित भएको छ।

बैठकमा अर्थमन्त्री जनार्दन शर्माले अर्थ समितिबाट दफाबार छलफलको प्रतिवेदनसहित विधेयक पारितका लागि प्रस्तुत गर्नुभएको थियो।

विधेयकमाथिको छलफलमा उठेका विषयमा जवाफ दिँदै अर्थमन्त्री शर्माले बीमा क्षेत्रका विकृति र विसङ्गतिको अन्त्य र उत्पन्न समस्याको समाधानका लागि नयाँ विधेयक ल्याइएको बताउनुभएको छ।

उहाँले समाजवादोन्मुख लक्ष्यप्रति प्रतिबद्ध भई उपलब्ध स्रोध र साधनको प्रयोग गरी तीव्र आर्थिक विकासका लागि सरकार प्रतिबद्ध रहेको स्पष्ट गर्नुभयो। उहाँले बीमासम्बन्धी विगतका ऐन, कानुनको पुनरावलोकन गरेर नयाँ विधेयक ल्याइएको जानकारी दिँदै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य बीमासम्बन्धी अलग्गै ऐन कार्यान्वयनमा रहेकाले उक्त ऐनबमोजिम नै कार्य हुने स्पष्ट गर्नुभयो।

सांसदहरु भरत साह, दिव्यमणि राजभण्डारी, प्रेम सुवाल, राजन केसीलगायतले विधेयकमाथिको छलफलमा भाग लिनुभएको थियो।रासस

# नेपालमै सुखी जीवन बिताउन सकिन्छ : मन्त्री भुसाल

काठमाण्डु। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले विश्वका विभिन्न मुलुक पुगेका नेपालीले सम्हालेका दक्षता र अनुभव नेपालको समृद्धिमा लगाउनुपर्ने बताउनुभएको छ। उहाँले रोजगारी, शिक्षालगायत विभिन्न अवसरको खोजीमा विश्वभर छरिएका नेपालीले आफ्नो मातृभूमिको आर्थिक तथा सामाजिक विकासका लागि योगदान गर्नुपर्नेमा जोड दिनुभयो।



तीजको अवसरमा फिनल्याण्डमा बसोबास गर्ने नेपाली समुदायले हेल्सिन्कीमा शनिबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री भुसालले भन्नुभयो, "यहाँहरूले यहाँ बसेर कामलाई पूजा गर्न सिक्नुभएको छ, नेपालमा पनि यो संस्कारलाई सम्मान गर्ने अवस्था सिर्जना गर्नुपर्छ, आत्मविश्वास र स्वाधिनताको भावना बोकेर नेपाल आउनुहोस्, यहाँ जत्तिको पसिना नबगाइकन स्वदेशमै सुखी जीवन बिताउन सकिन्छ।"

नेपालमा समावेशी सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापित भइसकेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "अबको नेपालको उद्देश्य आर्थिक र सामाजिक विकास हो, सबैले शिक्षा, रोजगार, आवास र स्वास्थ्य पाउन सक्ने अवस्था हामीले संविधानमै व्यवस्था गरेका छौँ। यहाँहरू पनि नेपालमा आएर देशलाई समृद्ध बनाउने अभियानमा लाग्नुहोस्।"

विकसित देशका राम्रा कुरा सिकेर आफ्नै देश निर्माणमा जुट्नुपर्नेमा जोड दिँदै उहाँले फिनल्याण्डवासीले आर्थिक समृद्धिमा अगाडि बढेजस्तै नेपालीले पनि आफ्नो देशलाई आर्थिकरूपमा सबल बनाउनका लागि विश्वभरका नेपाली लाग्नुपर्ने बताउनुभयो। मन्त्री भुसालले भन्नुभयो, "प्रकृतिले दिएको साधन र स्रोतलाई उपयोग गरेर समृद्धिको बाटोमा लाग्नुपर्छ। कला, संस्कृतिका हिसाबले पनि अद्वीय नेपालमै राम्रो काम गर्न सकिन्छ भन्ने मनन गर्नुपर्छ।"

कृषि, जलस्रोत र पर्यटनको विकास तथा प्रवर्द्धन गरेर नै नेपाल समृद्ध बन्न सक्ने विश्वास व्यक्त गर्दै उहाँले नेपालले पछिल्लो समय विद्युत् निर्यात गरेर राम्रो आम्दानी गर्न थालेको जानकारी दिनुभयो। मन्त्री भुसालले आफूले कृषियोग्य जमिनमा सिँचाइ पुर्‍याउने लक्ष्यका साथ अगाडि बढेको र आगामी दिनमा पूरा हुने बताउनुभयो। उहाँले भन्नुभयो, "आफ्नो देशको उर्वराभूमि, प्राकृतिक सम्पदा एवं साधन स्रोत सम्झेर सबै नेपालीलाई नेपाल फर्कन आग्रह गर्दछु।"

नेपाली समाजलाई एकीकृत गरेर आफ्ना हक अधिकारका लागि अगाडि बढ्न सुझाव दिँदै मन्त्री भुसालले भन्नुभयो, "फिनल्याण्डमा बस्ने नेपालीहरू एकीकृत हुनुपर्छ, आफ्ना अधिकारलाई सुनिश्चित गर्नका लागि सामूहिक पहल गर्नुपर्छ। विदेशमा बसेर आफूहरूबीच नै विभाजनको मनस्थिति राख्नु हुँदैन, राजनीति गर्न हुँदैन।" उहाँले कान्सुलर अफिस स्थापना गरेर नेपालीलाई भिसाका लागि हुने समस्यालाई समाधान गर्न पहल गर्ने विश्वास दिलाउनुभयो। मन्त्री भुसालले युरोपेली सङ्घभित्रको फिनल्याण्डमा राजनीतिक तथा प्रशासनिक काममा महिला अगाडि बढेको अवस्थालाई अनुशरण गर्दै नेपाली महिलाले पनि आफ्ना क्षमता अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुभयो।

लामो समयदेखि फिनल्याण्डमा सक्रिय रहेको गुल्मी/रुपाकोट समाजका अध्यक्ष भक्तिराम भण्डारीले नेपालीलाई फिनल्याण्डमा बसोबासका लागि कुनै पनि समस्या नभएको बताउनुभयो। उहाँले नेपाल र फिनल्याण्ड आवतजावतका लागि भिसा प्रक्रियाका लागि अर्को देश जानुपर्ने बाध्यता रहेको उल्लेख गर्दै सो समस्या समाधानका लागि पहल गरिदिन आग्रह गर्नुयभो। कार्यक्रममा पाँच सयभन्दा बढी नेपालीको सहभागिता थियो।

जलवायु परिवर्तनको असरबाट उत्पन्न हुने मौसमजन्य प्राकृतिक प्रकोपको बढ्दो जोखिम कम गर्ने विषयमा नेपाल सरकार र फिनीस सरकारबीच हुँदै आएको सहकार्यको निरन्तरता एवं उच्चस्तरीय अध्ययन तथा छलफलका लागि मन्त्री भुसालसहित जलस्रोत तथा सिँचाइ सचिव सागरकुमार राईसहित उच्चस्तरीय टोली फिनल्याण्ड आएको छ।रासस

# राजनीतिक दल र आयोगका सबै गतिविधि निर्वाचन केन्द्रित

काठमाण्डु। प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन घोषाणासँगै राजनीतिक दलले आआफ्ना सबै गतिविधि चुनाव केन्द्रित तुल्याउँदै लगेका छन्।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन आगामी मङ्सिर ४ गते एकै चरणमा गर्ने घोषणासँगै दलका सबै गतिविधि निर्वाचन केन्द्रित बन्न पुगेका हुन्। नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा डिला सङ्ग्रौलाले सबै राजनीतिक दलका गतिविधि पूरै निर्वाचन केन्द्रित भएको प्रतिक्रिया दिनुभयो।

उहाँले भन्नुभयो, "पार्टीले सञ्चालन गर्ने शुद्धीकरण र सुदृढीकरण अभियानलाई निर्वाचन अभियानकारुपमा जोडेर लगेको छ, बैठक, भेला र प्रशिक्षण चुनाव केन्द्रित गरिएको छ, एमालेले घोषणापत्र निर्माण समिति र निर्वाचन परिचालन मूल कमिटी पनि घोषणा गरिसकेको



राजनीतिक दलले आआफ्ना बैठक, भेला, प्रशिक्षणलगायतका सबै गतिविधि निर्वाचन केन्द्रित तुल्याउँदै लगेको प्रतिक्रिया दिनुभयो।

उहाँले भन्नुभयो, "निर्वाचन केन्द्रित बैठक र भेला सुरु भएका छन्, अब उम्मेदवार सिफारिसको क्रम चलेसँगै थप चुनावी माहोल बन्नेछ, केही समयमै चुनावी जागरण अभियान चल्छ।"

नेपालीको यस वर्षका मुख्य चाड दसैं, तिहार र छठमा हुने साथीभाइ तथा आफन्तजनबीचको भेटघाटले थप चुनावी रौनक प्रदान गरी चहलपहल र प्रचारप्रसारले तीव्रता पाउनेछ। नेकपा (एमाले)का केन्द्रीय सदस्य गणेशकुमार पहाडीले मुलुकका छ।" आगामी निर्वाचनलाई केन्द्रित गरी मुलुकका प्रमुख राजनीतिक शक्तिबीच गठबन्धन र चुनावी तालमेलका विषयमा दिनहुँजसो वार्ता तथा संवाद चलिरहेको छ भने जिल्ला तहमा सम्भावित उम्मेदवारको छनोटका लागि चर्चा परिचर्चा सुरु भइसकेको छ।

नेकपा (माओवादी केन्द्र)की नेत्री जयपुरी घर्तीले रासससँग कुराकानी गर्दै पार्टीको प्रदेश कमिटी, जिल्ला कमिटीका बैठक बसिरहेकाले उनीहरुले गर्ने निर्णयपछि स्थानीय तहमा निर्वाचन लक्षित कार्यक्रम सञ्चालन हुने बताउनुभयो।

उहाँले भन्नुभयो, "केही समयपछि प्रशिक्षण सुरु हुन्छ, त्यो जनतासमक्ष पुग्ने योजना छ, अब सबै गतिविधि निर्वाचन केन्द्रित हुन्छ।" अर्कोतर्फ निर्वाचन आयोगले पनि ७६ बुँदाको निर्वाचन कार्यतालिका स्वीकृत गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, मितव्ययी र निष्पक्ष तुल्याउन अर्जुनदृष्टिका साथ मूल लक्ष्यतर्फ अग्रसर भइसकेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो। निर्वाचन कार्यतालिकामा मिति घोषणादेखि निर्वाचन अवधि प्रारम्भ, बजेट अनुमान, राजनीतिक दल दर्ता र स्वीकृति, उम्मेदवारी मनोनय, निर्वाचन अधिकृत खटनपटन, मतदाता नामावली र मतपत्र छपाइ, निर्वाचन सामग्री व्यवस्थापन, ढुवानी, अनुगमन तथा मतदान र मतगणनासम्मका विषयवस्तु समेटिएको छ।

उहाँले भन्नुभयो, "अबको आयोगको अन्तिम गन्तव्य वा अर्जुनदृष्टि भनेको आगामी मङ्सिर ४ गतेको निर्वाचन नै हो, निर्वाचनको मिति घोषणा हुनुअघि गर्नुपर्ने र मिल्ने तयारी गरिसकेको छ।"

सरकारले यही साउन १९ गते आगामी निर्वाचनको मिति घोषणा गर्दा निर्वाचन तयारीका लागि आयोगसँग एकसय सात दिन उपलब्ध छ। आयोगले अहिले खासगरी निर्वाचनसम्बन्धी विभिन्न कार्यविधिलाई अन्तिम रुप दिने र निर्वाचन सामग्री व्यवस्थापन तयारीलाई उच्च प्राथमिकता दिएको छ। आगामी निर्वाचनमा भाग लिने प्रयोजनका लागि राजनीतिक दललाई दल दर्ताका लागि आयोगले यही साउन ३१ गतेसम्मको समय प्रदान गरेकामा शनिबारसम्ममा ४० दलले दर्ताका लागि निवेदन दिइसकेका छन्।रासस

# गठबन्धन डर र कर दुवै हो : वरिष्ठ नेता पौडेल

चितवन। नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले गठबन्धन डर र कर दुवै भएको बताउनुभएको छ।



नेपाल प्रेस युनियन चितवनले आइतबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले गठबन्धन कांग्रेसले नगरे अन्य पार्टीले गर्नेछन् भन्नुभयो।

उहाँले भन्नुभयो, " कांग्रेसले गठबन्धन नगरे अन्य पार्टीले गरिहाल्छन्, यसैले गठबन्धन कर पनि हो डर पनि हो।" अहिलेको आवश्यकता मिलेर जानुपर्ने रहेको उहाँको भनाइ थियो। एक्लाएक्लै निर्वाचनमा गएर पछि गठबन्धन गरे पनि फरक नपर्ने जनाउँदै नेता पौडेलले अहिलेको आवश्यकता मिलेर, तालमेल गरेर जानुपर्ने रहेको बताउनुभयो।

गठबन्धनमा तालमेल गरेर जाने कुरामा छलफल जारी रहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "कुरा चलिरहेको छ, मिलाउने कोसिस हुन्छ।"

को कहाँबाट उम्मेदवार बन्ने भन्ने विषयमा अहिले निर्णय नभएको जनाउँदै उहाँले गठबन्धनभित्र दाबी हुनु स्वाभाविक रहेको बताउनुभयो। दलहरूको धरातलीय पाटो हेरेर कुन क्षेत्रमा कसको सम्भावना छ त्यहीअनुसार अघि बढ्ने उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, "तलको जनमत हेरेर निर्णय लिन्छौं।" उहाँले थप्नुभयो, "कुन उम्मेदवारलाई अघि सार्दा कस्तो होला, जनमत कसको बढी छ त्यसलाई आधार मान्नुपर्छ।"


कांग्रेसले कांग्रेस जिताउने अभियान चलाउन कार्यकर्ताहरूलाई अनुरोध गर्नुभयो। उहाँले भन्नुभयो, "कांग्रेसले कांग्रेसलाई जिताउने हो हराउने होइन।"

आगामी निर्वाचनपछि देशको प्रधानमन्त्री तपाईँ हो भन्ने पत्रकारको प्रश्नको जवाफमा उहाँले भन्नुभयो "यो निर्णय लिने जिम्मा पार्टीको हो।

अहिले नै घोषणा गर्ने समय भएको छैन।" कांग्रेस देशमा अहिले राजनीतिक स्थिरता, सुशासन र सामाजिक न्यायको पक्षमा रहेको उहाँले बताउनुभयो। फरक प्रसङ्गमा उहाँले नागरिकता विधेयक संसद्‌ले पास गरेकाले राष्ट्रपतिबाट रोकिन हुँदैन भन्नुभयो।रासस

# काठमाण्डुको फोहर व्यवस्थापनबारे ध्यानाकर्षण

काठमाण्डु। प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरुले काठमाण्डु उपत्यकाको फोहर व्यवस्थापनको दिगो समाधान गर्न ध्यानाकर्षण गराउनुभएको छ।



बैठकमा सांसदहरुले केन्द्र र स्थानीय सरकारबीचको समन्वय प्रभावकारी नहुँदा फोहरले सडकमा सवारी जाम हुने स्थिति उत्पन्न भएको टिप्पणी गर्नुभयो।

नेकपा (एमाले) का सांसद योगेश भट्टराईले काठमाण्डुमा फोहर नउठेको आइतबार १४ दिन भइसक्दा पनि सरकारबाट कुनै पहल नभएको जनाउँदै काठमाण्डुवासीमा हैजा र झाडापखाला हुनसक्ने खतरा उत्पन्न भएको बताउनुभयो।

उहाँले सांस्कृतिक सहर काठमाण्डुको विकासका लागि एमालेसँग सहकार्यमा आउन महानगर प्रमुख बालेन्द्र शाहलाई आग्रह पनि गर्नुभयो। एमालेका सांसद भूमि त्रिपाठीले पनि काठमाडौँका सडकमा देखिएका फोहरका थुप्रोले यहाँको सभ्यतामा प्रश्नचिह्न खडा गरेको बताउनुभयो।

बैठकको शून्य र विशेष समयमा सांसदहरुले राष्ट्रिय सरोकारका विषयमा ध्यानाकर्षण गराउनुभएको थियो। सांसद राजन केसी, निरु पाल, रामवीर मानन्धर, हितबहादुर तामाङ, यज्ञराज सुनुवार, प्रेम सुवाललगायतले विविध विषयमा ध्यानाकर्षण गराउनुभएको थियो।रासस

# सहरी क्षेत्र यातायात व्यवस्थापन प्राधिकरण विधेयक पारित

काठमाण्डु। प्रतिनिधिसभाको आइतबारको बैठकले राष्ट्रियसभाबाट सन्देशसहित प्राप्त सहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ पारित गरेको छ।

बैठकमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री मोहम्मद इस्तियाक राईले सो विधेयक पारितका लागि प्रस्तुत गर्नुभएको थियो। बैठकमा सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७९ लाई पारित गर्न निर्णायक प्रस्ताव प्रस्तुत गर्दा गणपूरक सङ्ख्या नपुगेपछि बैठक १५ मिनेटका लागि स्थगन भएको छ। बैठकमा अर्थमन्त्री जनार्दन शर्माले अर्थ समितिबाट दफाबार छलफलको प्रतिवेदनसहित सो विधेयक पारितका लागि प्रस्तुत गर्नुभएको थियो।

उहाँले विधेयकले आन्तरिक ऋण उठाउन र वैदेशिक ऋण लिन सरकारी निकाय र सार्वजनिक संस्थाले प्रक्रियाका लागि विधेयकले व्यवस्था गरेको बताउनुभयो।रासस

# मन्त्री शाहीद्वारा शपथ

वीरेन्द्रनगर। कर्णाली सरकारका नवनियुक्त उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री वीरबहादुर शाहीले आज पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

कर्णाली प्रदेशका प्रदेश प्रमुख तिलक परियारले आज उहाँलाई शपथ गराउनुभयो। शाही डोल्पा प्रदेश निर्वाचन क्षेत्र (ख) बाट निर्वाचित सांसद हुनुहुन्छ। शाहीलाई गत बिहीबार मुख्यमन्त्री जीवनबहादुर शाहीले मन्त्री नियुक्त गर्नुभएको थियो।

यसअघि विसं २०७८ माघ २३ गते उद्योगमन्त्री बनेका हुम्लाका गैरसांसद छिरिङ डम्डुल लामा (कार्छेन) को पदावधि सकिएपछि लामाको ठाउँमा शाहीलाई नियुक्त गरिएको हो। उहाँलाई शुक्रबार नै शपथ गराउने कार्यक्रम भए पनि उच्च अदालत सुर्खेतले मन्त्रिपरिषद् पुनर्गठन गर्दा संविधानको मर्मअनुसार समावेशिता कायम नभएको भन्दै प्रदेश प्रमुख र मुख्यमन्त्री कार्यालयलाई ध्यानाकर्षण गराएपछि शपथको तालिका रोकिएको थियो।

गत माघमा बनेको मुख्यमन्त्री शाही नेतृत्वको सरकार समावेशी सिद्धान्तविपरीत भएको भन्दै उच्च अदालत सुर्खेतमा रिट दायर भएको थियो।रासस

# पर्वतारोहणका लागि नयाँ हिमाल खुलाउँछौं : पर्यटनमन्त्री श्रेष्ठ

काठमाण्डु। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले पर्वतारोहणका लागि हिमाल क्रमशः खुला गर्दै जाने बताउनुभएको छ।

नेपाल पर्वतारोहण सङ्घको ३१ औं र ३२ औं वार्षिक साधारणसभाको उद्घाटन समारोहमा उहाँले आरोहणका



लागि हाल खुला गरिएकाबाहेक थप हिमाल तथा चुलीहरु खुला गर्दै जाने सरकारको नीति रहेको बताउनुभएको हो।

अहिले आरोहणमा नरहेका पाँच हजार आठ सय मिटर उचाइदेखि आठ हजार मिटर उचाइसम्मका हिमाल आरोहण अनुमति दिनका लागि मन्त्रालयले योजना अगाडि बढाएको छ, आरोहणका लागि कुन कुन हिमाल उपयुक्त हुनसक्छन् तिनको आरोहण अनुमति प्रक्रिया अगाडि बढाउँछौं', उहाँले भन्नुभयो।

मन्त्री श्रेष्ठले नेपालका हिमाल तथा चुलीहरु विदेशी पर्यटक आकर्षक गर्ने महत्वपूर्ण माध्यम भएकाले पर्वतारोहणको विकास तथा प्रवर्द्धनमा सरकार निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। देशको आर्थिक समृद्धिमा महत्वपूर्ण भूमिका खेल्ने पर्यटन विदेशी मुद्रा आर्जनका साथै रोजगार सिर्जना गर्ने माध्यम बनेको उहाँको भनाइ छ।

उहाँले साहसिक पर्यटनको विकास गर्दै नेपाललाई विश्वको पर्यटनको गन्तव्यका रूपमा विकास गर्न सकिने धारणा राख्नुभयो। हाल नेपालमा विश्वको सर्वोच्च शिखर सगरमाथासहित चार सय १४ हिमाल आरोहणका लागि खुला गरिएको छ। मन्त्री श्रेष्ठले कोरोना महामारीबाट थलिएको नेपालको पर्यटन क्षेत्रलाई पुनःउत्थान गर्नका लागि सरकारले ७४ बुँदे योजना बनाएर त्यसको कार्यान्वयनका लागि अगाडि बढाएको बताउनुभयो।

पर्यटन मन्त्रालयका निमित्त सचिव बुद्धिसागर लामिछानेले देशको अर्थतन्त्रको महत्वपूर्ण खम्बा पर्यटन क्षेत्र भएकाले यसको विकासका लागि सरकार निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्न चाहेको बताउनुभयो।

नेपाल पर्यटन बोर्डका उपाध्यक्ष चन्द्र रिजाल, ट्रेकिङ एजेन्सीज एशोसिएशन अफ नेपाल (टान)का अध्यक्ष खुमबहादुर सुवेदीलगायतले पर्यटन क्षेत्रलाई सुदृढ र गुणस्तरीय सेवा प्रवाहका लागि सरोकारवालाबीच सहकार्य र समन्वयको खाँचो रहेको बताउनुभएको थियो।रासस

# 'टानलाई अन्तर्राष्ट्रिय ब्राण्डिङ गर्नुपर्छ'

काठमाण्डु। ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) लाई अन्तर्राष्ट्रिय ब्राण्डिङ गरेर नेपालको प्रवर्द्धन गरिनुपर्नेमा व्यवसायीले जोड दिएका छन्।

टानको यही साउन ३० गते हुने निर्वाचनमा अध्यक्षका प्रत्यासी निलहरि बाँस्तोला समूहको परिययात्मक कार्यक्रममा बोल्ने वक्ताले अहिलेको सन्दर्भमा पर्वतीय पर्यटन व्यवसायलाई अब्बल बनाएर लैजाने सक्षम नेतृत्व आवश्यक भएको बताए।

टान अध्यक्षका प्रत्यासी बाँस्तोलाले अग्रजले देखाएको बाटोलाई आत्मसाथ गर्दै टानलाई अन्तर्राष्ट्रिय 'ब्राण्डिङ' गर्न आफू प्रतिबद्धताका साथ लाग्ने बताउनुभभयो। उहाँले भन्नुभयो, "टानलाई व्यवसायीको हितमा समयसापेक्ष अघि बढाउन हामी प्रतिबद्धताका साथ दुई वर्ष काम गर्न चाहन्छौँ, टानलाई इन्टरनेशनल ब्राण्डिङ गर्न सम्पूर्ण समय खर्चने छौँ, त्यसैले निर्वाचनमा आफ्नो समूहलाई बिजयी बनाउन अनुरोध गर्दछु।"

पूर्वपर्यटन राज्यमन्त्री याङ्किला शेर्पाले टानको साखलाई उचो बनाउन सक्षम र अब्बल नेतृत्व अपरिहार्य रहेको बताउनुभयो। वरिष्ठ पर्यटन व्यवसायी बिक्रम पाँडेकाजीले टानमा युवा 'भिजनरी' समूहलाई नेतृत्वमा लैजान व्यवसायीले सचेत भएर मतदान गर्नुपर्ने बताउनुभयो।

टानका अध्यक्ष खुमबहादुर सुवेदीले पर्यटन पुनरुत्थानको कामलाई प्रभावकारी बनाउनुपर्छ भन्नुभयो। नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)का अध्यक्ष रमेश थापाले सरकार तथा निजी क्षेत्रको साझेदारितामा पर्यटन प्रवर्द्धनका कामलाई गति दिन व्यावसायिक नेतृत्व जरुरी भएको उल्लेख गर्नुभयो।

टानका पूर्वअध्यक्ष दीपक महतले टानलाई व्यवसायीको साझा संस्थाका रूपमा स्थापित गर्न जरुरी रहेको बताउनुभयो। टानका पूर्वअध्यक्ष रमेश धमलाले पर्वतीय पर्यटन व्यवसायभित्रका समस्यालाई निराकरण गर्दै व्यवसायमैत्री बताउन जरुरी छ भन्नुभयो। पर्यटन व्यवसायी कुमार थापाले व्यवसायीको भावनाअनुरुपको नेतृत्व विकासका लागि टानलाई सक्रिय बनाइनुपर्ने धारणा राख्नुभयो।

यसैबीच अध्यक्षका प्रत्यासी कमल सापकोटा समूहले पनि उम्मेदवार परिचयात्मक कार्यक्रम गर्दै टानलाई सुदृढ र व्यवसायमैत्री बनाउन आफ्नो समूहलाई विजयी गराउन व्यवसायीमाझ अनुरोध गरेको छ। उहाँले पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स)लाई प्रभावकारी बनाउन नेपाल पर्यटन बोर्डसँगको साझेदारितालाई फराकिलो बनाएर अघि बढ्ने योजना रहेको बताउनुभयो। उहाँले बोर्डलगायत तीनवटै तहका सरकारसँग सहकार्य गरेर पर्वतीय पर्यटनको विकासमा जुट्ने विश्वास व्यक्त गर्नुभयो।रासस

# सिंहका शिशुले गाजामा ल्याए खुशीयाली

**एपी**

गाजा । युद्धले क्षतिग्रस्त गाजा सहरमा सिंहका नवजात शिशुले खुशीयाली ल्याएका छन् । यहाँको चिडिया घरमा दुर्लभ रमाइलो दृश्य देखेका सबैले युद्धले थोपरेको तनावबाट केही आनन्द महसुस गरेका छन् ।

शनिबार यहाँको चिडियाखानामा सिंहका तीनदिने तीनवटा शिशु प्रदर्शनीमा राखिएको थियो । नामा चिडियाखानामा शनिबार सिंहका छाउराको प्रदर्शनीले बालबालिकामात्र नभइ वयस्कहरू पनि आल्हादित भएका थिए ।

इजरायली विमानले बम वर्षा गरिरहँदा प्रसव वेदनाले छटपटाएकी सिंहीनीले यस पटक भने स्वस्थ शिशु जन्माइन् । यसअघि उनको गर्भपात भएको पशु चिकित्सक महमुद अल सुल्तानले बताए ।

कर्कश र चर्को आवाजबाट जङ्गली जनावरलाई तनाव हुने र पिँजरामा कैद उच्च गर्जन भएको जङ्गलको राजालाई मात्र होइन तारन्तारको बमबारीले अन्य जनावरलाई पनि जोखिममा पार्ने उनी बताउँछन् ।

इजरायलसँगको द्वन्द्वका कारण विगतमा यहाँका केही निजी चिडियाघरका पशु आहारा नपाएर मरेका थिए भने केही भने मानव-मानवबीचको झगडमा मारिएका थिए । पशुकल्याणका निम्ति कार्यरत अन्तर्राष्ट्रिय समूहले यहाँका सिंह र बाघलाई जोर्डन र अफ्रिकाका आरक्षण केन्द्रमा सारिएका थिए ।


चिडियाघरबाट पशुलाई स्थानान्तरण वा उद्धार गर्नु आफैमा कठिन र चुनौतीपूर्ण काम हो भने त्यसको आर्थिक लागत पनि तुलनात्मकरूपमा बढी हुन्छ ।

यहाँका विद्यालयले बालबालिकालाई नियमितरूपमा चिडियाखानाको भ्रमण गराउने गरेका छन् । हरेक विद्यार्थीबाट प्रवेश शुल्कबापत एक अमेरिकी डलर लिइन्छ जुन चिडियाघरको खर्च व्यवस्थापनमा उपयोग गरिन्छ । नामा चिडियाखानामा सिंह र बाघबाहेक विभिन्न प्रजातिका चराचुरूङ्गी, बाँदर, ब्वासा, हरिण र स्याल पनि छन् ।

# रूस्दीको स्वास्थ्य सुधारोन्मुख, भेटिलेटरबाट निकालियो

**एपी**

मेभिल (न्युयोर्क) । विश्वचर्चित लेखक सलमान रूस्दीको स्वाथ्यमा क्रमिक सुधार आएको छ । उहाँको स्वास्थ्य स्थिर भएसँगै उहाँलाई चिकित्सकले भेटिलेटरबाट निकालेर सामान्य शय्यामा उपचार गरिरहेका छन् । उहाँ बोल्न थाल्नुभएको छ । रूस्दीका साथी आतिश तासीरले उहाँले ख्यालठट्टा गर्न थाल्नुभएको सामाजिक सञ्जालमा लेखेका छन् ।



विवादास्पद 'सटानिक भर्सेस'का ७५ वर्षीय लेखकमाथि गत शुक्रबार पश्चिमी न्युयोर्कमा शुक्रबार आयोजित एक प्रवचन कार्यक्रममा २४ वर्षीय हादी माटरले चक्कु प्रहार गरी हत्याको दुष्प्रयास गरेका थिए । माटरले उहाँको घाँटी, पेट र हातमा चक्कुले पटक प्रहार गर्दा उहाँ गम्भीर घाइते हुनुभएको थियो ।

यसैबीच, आक्रमणकारी माटरले हत्या र आक्रमणको आरोपमा आफू दोषी नभएको वयान दिएका छन् भने अभियोजकले त्यसलाई पूर्वनियोजित अपराध भनेका छन् । पश्चिमी न्युयोर्कमा भएको बहसका क्रममा न्यायाधिवक्ता जेसन स्मिटले अभियुक्त हत्याको योजनाका साथ 'फर्जी प्रवेशपत्र लिएर कार्यक्रमस्थलमा पुगेको र त्यो अग्रिमरूपमा उसलाई हासिल भएको' बताएपछि न्यायाधीशले जमानतबिना नै उनलाई हिरासतमा राख्न आदेश दिएका छन् । कालो र सेतो पोशाक अनि अनुहारमा 'मास्क' लगाएको अभियुक्तलाई न्यायाधीशसमक्ष उपस्थित गराइएको थियो ।

लेखक, अभिव्यक्ति स्वतन्त्रताका पक्षधर, सरकारी अधिकारीले रूस्दीको साहसको सराहना गर्दै आफ्नो जीवनलाई जोखिममा पारेर उहाँले वाक् स्वतन्त्रताका निम्ति योगदान गरेको बताएका छन् । उनीहरूले रूस्दीलाई विश्वभरका सताइएका लेखक एवम् पत्रकारका प्रेरणाका पुञ्ज भएका बताएका छन् ।

लेखक एवम् कलाकार कल पेनले रूस्दी दक्षिण एशियालीका लागि उदाहरणीय एवम् आदर्श व्यक्ति हुन् भनेका छन् । स्वतन्त्र र खुला समाजका पक्षपाति रूसदी सत्य प्रस्तुत गर्न नहिच्किचाउने साहसी सर्जक भएको उनले बताएका छन् ।

सन् १९८१ मा प्रकाशन भएको उहाँको उपन्यास 'मिडनाइट्स चिल्ड्रेन' भारतका तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीको तीक्ष्ण आलोचना गर्नुभएको थियो । उक्त कृति सार्वजनिक भएको सात वर्षपछि छापिएको सटानिक भर्सेसले उहाँलाई विश्वभर चर्चाको चुलीमामात्र पुऱ्याएन अपितु इरानका तत्कालीन सर्वोच्च नेता अयातोल्लाह रूहोल्लाह खोमेनीले मृत्युदण्ड सुनाए । सटानिक भर्सेसले इस्लाम धर्म र पैगम्बर मोहम्मदको निन्दा गरेको आरोप छ ।

# राष्ट्रिय टोलीमा किरन चेम्जोङसहित अनुभवी खेलाडीको पुनरागमन

काठमाण्डु । आगामी असोजमा काठमाडौंमा हुने बंगलादेशविरूद्धको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलका लागि अखिल नेपाल फुटबल संघ (एन्फा) ले ४० सदस्यीय प्रारम्भिक टोली घोषणा गरेको छ।



नेपाल र बंगलादेशबीच असोज ११ गते काठमाडौंमा एउटा मैत्रीपूर्ण खेल हुँदैछ। उक्त खेलका लागि एन्फाले अनुभवी खेलाडी समेट्दै ४० सदस्यीय प्रारम्भिक टोली घोषणा गरेको हो । नियमित प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले बाहिर राखेका कप्तान किरण चेम्जोङसहितका खेलाडीको पुनरागमन भएको हो । मैत्रीपूर्ण खेलका लागि कार्यवाहक प्रशिक्षकको जिम्मेवारी पाएका प्रदीप हुमागाईंले युवा र अनुभवी खेलाडी समेटेर टोली बनाउन लागेका हुन्।

# बेलाइतले इरानमाथि प्रतिबन्ध लगाउनुपर्छ : ऋषि सुनक

**एएनआई**

लन्डन । बेलाइतका भावी प्रधानमन्त्रीकारूपमा हेरिएका नेता ऋषि सुनकले लेखक सलमान रुस्दीलाई अमेरिकामा छुरा प्रहार गरेको विषयमा इरानमाथि प्रतिबन्ध लगाउन आह्वान गर्नु भएको छ ।



आफ्नो पुस्तक 'द सैटानिक भर्सेस' लाई लिएर लामो समयदेखि ज्यान मार्ने धम्की खेप्तै आएका रुस्दीलाई शुक्रबार अमेरिकाको वेस्टर्न न्युयोर्क राज्यमा छुरा प्रहार गरिएको थियो । अमेरिकी राष्ट्रपति जो बाइडेन र बेलायतका प्रधानमन्त्री बोरिस जोन्सनलगायत विश्वका थुप्रै नेताहरूले उक्त घटनाको निन्दा गर्नु भएको छ । "यदि सलमान रुस्दीमाथिको आक्रमण इरानको अपरेशन हो र आक्रमणकारीले इरानको प्रभावमा यो गरेको हो भने यसले हाम्रो इस्लामिक क्रान्तिको सफलता प्रमाणित गर्छ," भनी सुनकले टिप्पणी गर्नु भएको टेलिग्राफ पत्रिकाले उल्लेख गरेको छ ।

७५ वर्षीय लेखक रुस्दी सन् १९८१ मा आफ्नो उपन्यास 'मिडनाइट्स चिल्ड्रेन' बाट चर्चामा आएका थिए। भारतमा जन्मेका लेखकले यो उपन्यासका लागि बुकर पुरस्कार समेत जितेका थिए । तर उनको सन् १९८८ को पुस्तक 'द सैटानिक भर्सेस' का कारण तत्कालीन इरानी क्रान्तिकारी नेता अयातोल्लाह रुहोल्लाह खोमेनी प्रशासनले उनका विरुद्ध फतवा जारी गरेको थियो। सो धम्कीले उनी केही वर्षसम्म भूमिगत थिए ।

यसैबीच इरानको पछिल्लो राजनीतिक विकासक्रमलाई औंल्याउँदै नेता सुनकले संयुक्त विस्तृत कार्य योजना (जेसीपीओए) भनेर चिनिने इरान आणविक सम्झौतालाई पुनर्जीवित गर्ने उसको प्रयासलाई व्यर्थ प्रयास भन्नु भएको छ ।

# पाकिस्तानमा मनसुनी वर्षाबाट दशको मृत्यु, २६ जना घाइते



**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानमा मनसुनी वर्षा र यससँगै आएको बाढी र पहिरोमा परी कम्तीमा पनि १० जनाको ज्यान गएको छ । चौबिस घन्टायता पाकिस्तानमा निरन्तरको वर्षा र बाढीमा परेर अरू २६ जना घाइते भएका राष्ट्रिय प्रकोप व्यवस्थापन केन्द्रले जनाएको छ ।

सो केन्द्रका अधिकारीले दिएको जानकारीअनुसार पाकिस्तानको दक्षिण पश्चिमी बलुचिस्तान प्रान्त सबैभन्दा बढी प्रभावित भएको छ । सो प्रान्तका अधिकांश स्थानमा बाढी आएको र त्यसमा परेर छ जनाको ज्यान गएको छ । त्यसैगरी यहाँको उत्तरपश्चिमी प्रान्त खैबर पाक्थुन्क्वामा पनि बाढीका कारण तीन जनाको ज्यान गएको बताइएको छ । त्यहाँका कतिपय व्यक्ति हराइरहेका पनि बताइएको छ ।

यहाँ यसवर्षको मनसुनी वर्षा सुरु भएको जुनदेखि अहिलेसम्ममा अति वर्षा र बाढीमा परेर पाँच सय ९२ जनाको मृत्यु भएको बताइएको छ । त्यसैगरी यस वर्षाका कारण यहाँका करिब एक हजार घाइते भएका छन् भने बाढीले हजारौं घरमा क्षति पुगेको छ ।

# साठी वर्षीय वृद्धको छुरा प्रहार गरी हत्या

**एएनआई**

इस्लामाबाद । पाकिस्तानमा अहमदिया समुदायमा लगातार लक्षित हत्या भइरेहको छ । यसैबीच पञ्जाब प्रान्तको चेनाबनगर शहरमा अहमदिया समुदायका एक ६० वर्षीय व्यक्तिलाई छुरा प्रहार गरी हत्या गरिएको छ ।

हत्या गरिएका नसीर अहमद र उनका भाइ मुनीर बिहान किनमेल गर्न जान बस पार्खाइमा रहेका अवस्थामा छुरा प्रहार भएको डन अखबारले प्रहरी जानकारी दिएको छ । एक अज्ञात व्यक्तिले उनीहरूलाई रोकेको र उनीहरूको धर्मको बारेमा प्रश्न गरेको जनाइएको छ । आक्रमणकारीले आफ्नो झोलाबाट छुरा निकालेर अहमदलाई आक्रमण गरेको र उनको घटनास्थलमै मृत्यु भएको जनाइएको छ ।

छुरा प्रहार गरी भाग्न खोजेका ती व्यक्तिलाई स्थानीयले पक्रेर प्रहरीको जिम्मा लगाएको थियो । आक्रमणकारीले उनीहरूलाई धार्मिक आधारमा आक्रमण गरेको र तहरीक-ए-लब्बैक पाकिस्तान (टीएलपी)को पक्षमा नारा लगाएको पीडितका भाइ मुनीरले डनलाई जानकारी दिएका छन् ।

# भारतमा चौध हजारभन्दा बढी कोरोना सङ्क्रमित

**सिन्ह्वा**

नयाँदिल्ली । भारतमा एकै दिनमा १४ हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भएका छन् । सरकारी अधिकारीले आइतबार दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा १४ हजार ९२ नयाँ सङ्क्रमित भएका हुन् ।



यसैसँगै भारतमा हाल कुल सङ्क्रमतिको सङ्ख्या चार करोड ४२ लाख ५३ हजार चार सय ६४ जना पुगेका सङ्घीय स्वास्थ्य मन्त्रालयले आइतबार सार्वजनिक गरेको छ ।

भारतमा दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ । भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख १६ हजार आठ सय ६१ रहेको छ ।

कोरोना सङ्क्रमणबाट बितेको २४ घण्टामा ४१ जनाको मृत्यु भएको छ । यसैसँगै कोरोना सुरु भएबाट हालसम्म पाँच लाख २७ हजार नौ सय ३७ व्यक्तिको मृत्यु भइसकेको छ ।

भारतमा हिजो एक दिनमा १६ हजार चार सय ५४ जना कोरोना मुक्त भएका छन् । यसैसँगै कूल चार करोड ३६ लाख नौ हजार पाँच सय ६६ जना कोरोनामुक्त भएका छन् ।

नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन् । भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो । सो समयबाट हालसम्म दुई अर्ब सात करोड ९९ लाख ६३ हजार पाँच सय ५५ मात्रा खोप लगाइएको छ ।

भारतमा कोरोना सुरु भएयता हालसमम ८८ करोडभन्दा बढीको कोरोना भाइरस परीक्षण भएको जनाइएको छ ।

# सडक दुर्घटनामा इन्डोनेसियामा पाँच जनाको मृत्यु, चार घाइते



**सिन्ह्वा**

जाकाता । पश्चिमी जाभाको सुकाबुमी रिजेन्सीबाट आइतबार सियानजुर जानेक्रममा गहुँ बोकेको ट्रकको ब्रेक फेल हुँदा पाँच जनाको मृत्यु भएको छ भने अन्य चार जना घाइते भएका छन् ।

उक्त ट्रकले पहिले सडक छेउमा पार्क गरिएका दुईवटा कारलाई र त्यसपछि विपरीत दिशाबाट आएका अन्य तीनवटा मोटरसाइकल र केही पैदल यात्रुलाई समेत ठक्कर दिँदै घरको बारमा ठोक्किएर पल्टिदा उक्त दुर्घटना भएको सियानजुरका प्रहरी प्रमुख डोनी हर्मावानले उल्लेख गरेका छन् ।

दुर्घटनामा मृत्यु हुनेमा मोटरसाइकल चालक र पैदलयात्री रहेको हर्मावानले बताएका छन् । मृतक र घाइते सबैलाई नजिकैको स्वास्थ्य संस्थामा लगिएको छ । दुर्घटनाले दुवैतर्फ ट्राफिक जाम भएकाले घाइतेलाई बाहिर निकाल्न स्वास्थ्यकर्मीलाई कठिनाइ भएको थियो।

# आतङ्कवादी हमलामा पाकिस्तानमा दुई सैनिकको मृत्यु, एक घाइते

इस्लामाबाद । पाकिस्तानको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा सुरक्षा बलमाथि भएको आतङ्ककारी हमलामा दुई सैनिकको मृत्यु हुनाका साथै अर्का एक जना अधिकृत घाइते भएको सेनाले आइतबार जनाएको छ । शनिबार अबेर राति सुरक्षा बलले सो प्रान्तको हर्नाई जिल्ला नजिकै खोस्ट क्षेत्रमा भएको अग्नि आक्रमणलाई विफल पारेको थियो ।



आगलागी गरेर भागेका आतङ्ककारीहरूलाई लखट्ने क्रममा दोहोर झडप हुँदा उक्त घटना घटेको हो । झडपका क्रममा दुई जना सिपाहीको मृत्यु भएको छ भने अर्का अधिकृत घाइते भएका छन् ।

# पाकिस्तानमा सडक दुर्घटना तेह्रको मृत्यु, पाँच घाइते

**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानको पूर्वीप्रान्त पञ्जाबको रहिमयार खान सहरमा यात्रुवाहक बसमाथि चिनीको बोरा बोकेको ट्रक खस्दा कम्तीमा १३ को मृत्यु हुनुका साथै अन्य पाँच जना घाइते भएको शनिबार राति स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।




त्यसपछि १० वटा आकस्मिक सवारी साधन र जिल्ला प्रशासनको क्रेनबाट उद्धारकार्य सुरु गरिए पनि भारी वर्षाका कारण उद्धारकार्यमा कठिनाई भएको समाचारमा जनाइएको छ ।

उद्धार टोलीले शुरुमा बसबाट शव निकाल्दाँ पाँच जनाको मृत्यु भएको जनाइएको थियो ।

तर घाइते भएकाहरुको मृत्युपछि उक्त सङ्ख्या १३ पुगेको ती उद्धार अधिकारीले बताएका छन् ।

पाकिस्तानमा मुख्यतया समयमा मर्मत् नगरिएका सवारी साधन, जीर्ण सडक र सडक सुरक्षा उपायको लापरवाहीका प्रायःयस्ता दुर्घटना हुने गरेका छन् ।

# फिलिपिन्समा पनि बढ्यो कोभिड सङ्क्रमण

**सिन्ह्वा**

मनिला । फिलिपिन्समा पनि पछिल्लो समयमा कोभिड-१९ को सङ्क्रमण बढेको छ । सो सङ्क्रमणमा परेर आइतबार मात्र कम्तीमा पनि ४८ जनाको ज्यान गएको फिलिपिन्सका स्वास्थ्य अधिकारीले जानकारी दिएका छन् ।

उनका अनुसार यहाँ शनिबार मात्र चार हजार छ सय ७९ जनामा कोरोनाको सङ्क्रमण देखिएको छ । यो समेत गरी यहाँ अहिलेसम्म ३८ लाख २७ हजारभन्दा बढीमा यो सङ्क्रमण देखिएको छ ।

यहाँको स्वास्थ्य विभागले पछिल्लो पटक सक्रिय सङ्क्रमितको सङ्ख्या पनि बढेको अर्थात् ४० हजारभन्दा बढीमा सक्रिय सङ्क्रमित रहेका जनाएको छ ।

गत जनवरी १५ मा ३९ हजार चार जनामा कोभिडको सङ्क्रमण देखिएको थियो । एकै दिनमा भएको कोरोना सङ्क्रमण सबैभन्दा धेरै सङ्ख्या हो । फिलिपिन्समा कोरोना शुरुभएबाट हालसम्म यस सङ्क्रमणबाट ६० हजार नौ सय ९२ जनाको मृत्यु भ्एको छ ।

यसैबीच मलेसियामा शनिबार रातिसम्म थप चार हजार तीन सय ३४ जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ । सङ्क्रमणको कारण १० जनाको मृत्यु भएको छ । कोरोना भाइरसको सङ्क्रमण सुरु भएदेखि अहिलेसम्म कम्तीमा पनि ३६ हजार जनाको निधन भएको छ । त्यसैगरी सो यहाँ अहिलेसम्म ४७ लाख ३२ हजारभन्दा बढीमा सो सङ्क्रमित भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

हाल यहाँ ४४ हजार छ सय १७ जना सक्रिय सङ्क्रमित रहेका छन् । ती मध्ये ६८ जनाको सघन उपचार केन्द्रमाा उपचार भइरहेको समाचारमा जनाइएको छ ।


पछिल्लो समय भेटिएका यी सङ्क्रमित प्रायःसबैजसो देशभित्रैका रहेका बताइएको छ । मलेसियाली सरकारले कोरोनाविरुद्धको खोपलाई प्राथमिकतामा राखेर लगाउने गरेकाले यहाँका सङ्क्रमतिमा मृत्युदर भने निकै कम रहेको पनि बताइएको छ ।

पाकिस्तानमा शनिबार पाँच सय ८१ जना नयाँ कोभिड-१९ सङ्क्रमित थपिएका र चार जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले आइतबार जनाएको छ ।

मन्त्रालयले जारी गरेको तथ्याङ्कअनुसार नयाँ सङ्कमणसँगै देशभर कुल सङ्क्रमितको सङ्ख्या १५ लाख ६२ हजार आठ सय ८८ पुगेको छ ।

पाकिस्तानमा कोभिड-१९ शुरुभएबाट हालसम्म सङ्क्रमणबाट ३० हजार पाँच सय २७ जनाको मृत्यु भएको छ । हाल यहाँ एक सय ७८ जना विरामीको अवस्था गम्भीर रहेको जनाइएको छ ।

# खानेपानीमा वैकल्पिक ऊर्जाको प्रयोग



रामपुर । तानसेनको भुल्के खानेपानीमा सोलार प्यानल जडान गरिएको छ । विद्युतीय बिलिङ घटाउन चार नम्बर पम्पमा १५ किलोवाट क्षमताको सोलार प्यानल जडान गरिएको हो ।

लुम्बिनी प्रदेशका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वीरबहादुर रानाले तानसेनभित्र ल्याउने खानेपानीको बिलिङ अत्यधिक भएकाले यसलाई कम गर्न सोलार प्यानल जडान गरिएको बताउनुभयो । खानेपानीमा सहज पहुँच पुऱ्याउनका लागि संरचना दिगो बनाउने र बिलिङ घटाउने विषयलाई प्राथमिकता दिइने मन्त्री रानाले बताउनुभयो ।

तानसेन खानेपानी उपभोक्ता समितिका कोषाध्यक्ष भीमसेन कार्कीले भुल्केमा हुने विद्युत् गडबढी र कालीगण्डकीको योजना ढिलाइ हुँदा पनि खानेपानीको अभाव भएको बताउनुभयो।तानसेननगरपालिकाकाप्रमुख सन्तोषलाल श्रेष्ठले नागरिकलाई खानेपानी सहज ढङ्गले वितरण गर्ने अवस्था मिलाउन तानसेन खानेपानी उपभोक्ता समिति सक्रिय हुनुपर्ने बताउनुभयो । नागरिकले सहजरुपमा खानेपानी नपाउने अवस्थाको अन्त्य गर्नुका साथै विद्युत्को बिल घटाउन पनि वैकल्पिक ऊर्जाले सहयोग पुग्ने उहाँ बताउनुहुन्छ ।

मन्त्री राना र नेपाल नविकरणीय ऊर्जा कार्यक्रम, बेलायती राजदूतावासका प्रतिनिधिसहितको टोलीले स्थलगत निरीक्षण गरी सोलार प्यानलको थप सम्भाव्यताबारे छलफल गरेको हो । नेपाली कांग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठले अहिलेको वितरण प्रणालीलाई समेत वैज्ञानिक ढङ्गले अघि नबढाउँदासम्म सधैँ अभाव भेल्नुपर्ने बताउनुभयो । नेकपा (माओवादी केन्द्र)का जिल्ला संयोजक राजेन्द्र विकले वर्षायाममा समेत सात देखि १० दिनमा घरको धारामा पानी आउने भएकाले नागरिलाई सहज ढङ्गले खानेपानी वितरणका लागि सबैको सहयोग हुनुपर्ने बताउनुभयो ।

नेकपा (एकीकृत समाजवादी) का प्रतिनिधि तथा पूर्वसांसद यादवबहादुर रायमाझी तानसेनमा प्रतापशमशेरका पालादेखि नै पानीको दुःख रहेको इतिहास रहेकाले नागरिकले अहिलेसम्म पनि पानीकै झमेला बेहोर्नु परेको बताउनुहुन्छ। तानसेनको खानेपानी महँगो भएकाले यसको बिलिङ घटाउन नविकरणीय ऊर्जाको प्रयोगलाई बढाउनसके फाइदा पुग्नेछ । जिल्लाको भैरवस्थान, बतासेडाँडा क्याम्पस, चापपानी, बराङ्दी र खानीगाउँ क्षेत्रमा समेत सोलार राख्ने विषयमा अध्ययन भइरहेको छ । यसैगरी बतासेडाँडामा सोलारबाट १०९ किलोवाट बिजुली निकाल्नका लागि अध्ययन गरिएको बताइएको छ ।रासस

# विराटनगरमा मल बिक्री वितरण

मोरङ । कृषि सामग्री कम्पनी प्रदेश कार्यालय विराटनगरले आजदेखि मल बिक्री वितरण सुरु गरेको छ ।

कार्यालय प्रमुख नरेशकुमार सापकोटाका अनुसार कम्पनीमा सात हजार ५०० मेट्रिक टन युरिया आउने क्रम जारी रहेपनि उपलब्धताको आधारमा आजदेखि सहकारीमार्फत वितरण कार्य सुरु भएको हो । कम्पनीले युरिया वितरण गर्ने सम्बन्धमा सहकारीलाई एक महिनादेखिपत्र पठाएको उहाँले बताउनुभयो ।

कम्पनीले यसअघि पोटास तथा डिएपी मल बिक्री वितरण गरेको थियो । कम्पनीले बिहान १० बजेदेखि साँझ ५ बजेसम्म मल बिक्री वितरण गर्ने गरेको छ । कम्पनीले प्रदेशका १४ जिल्लामा स्थानीय तहको सिफारिसका आधारमा सहकारीमार्फत किसानलाई मल बिक्री वितरण गर्ने गरेको छ । कम्पनीले विराटनगरसहित शाखा कार्यालय गाईघाट, धनकुटा, इटहरी, विर्तामोड र इलाममार्फत मल बिक्री वितरण थालेको सूचना अधिकारी होमप्रसाद पराजुलीले बताउनुभयो ।

प्रदेशमा किसानलाई वार्षिक रुपमा धानका लागि युरिया ४० हजार मेट्रिक टन, डिएपी ३० हजार मेट्रिक टन र पोटास सात हजार मेट्रिक टन आवश्यक रहेको छ । कम्पनीले ५० किलो युरिया रु ७५०, डिएपी रु दुई हजार २०० र पोटास रु एक हजार ६०० मा बिक्री वितरण गरिरहेको छ ।रासस

# रसायनको प्रयोगले केरा उत्पादनमा समस्या



रामपुर । रामपुर नगरपालिका- ६ प्याक्लुक बस्ने वृहस्पति अर्यालले तीनवर्ष अघि केरा खेती सुरु गर्नुभयो । पहिलो वर्ष र दोस्रो वर्षमा केराको उत्पादन राम्रै लिनुभयो तर तेस्रो वर्षमा भने केराको उत्पादन कम भएपछि उहाँ अहिले चिन्तित हुनुहुन्छ । करिब नौ रोपनीमा व्यवसाय गर्नुभएका अर्यालले हाल क्षेत्रफल घटाएर चार रोपनीमा मात्रै सीमित बनाउनुभएको छ ।

मेहनत र परिश्रम खर्चेर गरेको खेतीबाट पछिल्लो वर्ष त्यति राम्रो उत्पादन नभएपछि केरा लगाउँदै आएको जग्गामा अहिले अर्यालले धान खेती गर्नु भएको छ । उहाँ भन्नुहुन्छ, "विषादी र रासायनिक मलको प्रयोगले सुरुका वर्षमा केराले असाध्यै राम्रो उत्पादन दियो, हामीले धेरै उत्पादन लिन रासायनिक मल र विषादी राख्यौँ, अहिले माटो सबै बिगारेको छ, बिना विषादी उत्पादन गर्न खोजेको राम्रो भएन, केरा लगाएको आधा जग्गामा यो वर्ष धान लगाउन बाध्य भएँ ।"

पहिलो वर्षमा करिब पाँच लाख, दोस्रो वर्षमा तीन लाख आम्दानी भएकामा यसवर्ष केराबाट रु ५० हजार पनि मुस्किलले आम्दानी हुने कृषक अर्यालको अनुमान छ । स्थानीय मालभोग केरा भएकाले बजार तथा गाउँमा माग बढ्दो छ । यहाँको बजारमा मालभोग प्रतिदर्जन रु ८० देखि १२०सम्म पर्छ । स्थानीय मालभोग केरा ग्राहक र बजारका व्यापारीले खोजीखोजी खरिद गर्छन् । बिक्रीका लागि झण्झट छैन तर रासायनिक मल र विषादीको प्रयोग बर्सेनि बढाउनुपर्ने अवस्था आएपछि विषादीरहित उत्पादन गर्न माटोको समस्या रहेको उहाँ बताउनुहुन्छ ।

"रासायनिक मल र विषादीले खेतबारीको माटो सबै विगारेको छ, हरेक वर्ष मल र विषादीको मात्रा थप्दै जानुपर्ने अवस्था छ, स्वास्थ्यलाई असर हुने भएपछि स्वस्थबाली उत्पादन गर्न खोजिए पनि विषादीबिना फल नै राम्रो लाग्दैन" कृषक अर्याल भन्नुहुन्छ । असार र साउन महिनामा करिब एक हप्ताको अन्तरालमा बोटमा विषादी छर्कनु पर्दछ । यसले माटोको उर्वराशक्ति नाश बनाएको र मानव स्वास्थ्यमा पनि नराम्रो असर पारेको व्यवसायीहरु बताउँछन् ।

रामपुर-६ सातबिसेपर्क बस्ने ५५ वर्षीय गिरीराज पाण्डेय पनि आजभन्दा तीनवर्ष अघि गाउँका छिमेकीले केरा लगाएको देखेर यस व्यवसायमा आकर्षित हुनुभएको हो । सुरुका वर्षमा लटरम्म फलेका केरा देख्दा उहाँ यस व्यवसायमा हौसिनुभयो । रासायनिक मल र विषादी प्रयोग गरेपछि सोँचेभन्दा बढी उत्पादन केराले दियो । पछिल्ला वर्षमा भने क्रमश : उत्पादन घट्दै जाँदा यसवर्ष मकैखेती लगाउनुभएको छ ।

दुई रोपनी जग्गामा एक लाखभन्दा बढी केराको आम्दानीले कृषक पाण्डेले व्यावसाय बढाउने सोँच बनाएपनि अहिले आएर भने बारीभरी भएका बोट नै मासेर मकै लगाउन बाध्य हुनुभएको छ । "धेरै रेखदेख गर्नुपर्ने, रासायनिक मल र विषादीको मात्रा तलमाथि भएमा उत्पादनमा समस्या हुनाका साथै बारीको माटोले नै उत्पादन दिन नसक्ने अवस्था आयो, विषादी छर्केको केरा खाँदा म आफै गतवर्ष बिरामी परेँ, अहिले बोट जति सबै मासेर मकै लगाउन थालेँ" उहाँ भन्नुहुन्छ । ज्येष्ठ नागरिक लोकनाथ खनालले उत्पादन गर्न झण्झट र विषादी धेरै प्रयोग गर्नुपर्ने भएपछि केरा खेती हटाउनुभएको छ ।

पुराना केरा व्यवसायीले उत्पादनको क्षेत्रफल घटाउँदै गएका छन् भने केहीले बोट नै मासेर विभिन्न बालीनाली लगाउन सुरु गरेका छन् । यहाँका केही युवाले भने केराबाट राम्रो कमाइ गर्ने सोँच बनाएर व्यवसाय सुरु गरेका छन् । विजय गैरेले गत वर्षदेखि दुई रोपनी जमिनमा केरा सुरु गर्नुभएकामा करिब छ रोपनीमा यसलाई विस्तार गर्ने सोच बनाउनुभएको छ ।

उत्पादन राम्रो भएमा धान, मकैको तुलनामा केराबाट दोब्बर बढी आम्दानी लिन सकिन्छ । धेरै उत्पादन लिन अन्धाधुन्ध तरिकाले रासायनिक मल र विषादीको प्रयोग बढाउँदै जाँदा खेतबारीको उर्वराशक्तिमा नै ठूलो ह्रास निम्तिएको छ । रामपुर बुल्टार बस्ने अस्मिता खनालले गतवर्षदेखि दुई रोपनी जमिनमा केरा व्यवसाय थालनी गर्नुभएको छ । पहिलो वर्षमा रु ६० हजार बराबरको कमाइ गर्नुभएकी उहाँले यस पटक भने रु एक लाख आम्दानी हुने अपेक्षा गर्नुभएको छ ।

जिनाइन जातको केरा व्यवसाय गर्नुभएकी खनाल कहिलेकाही बजारमा केरा नबिक्दा समस्या हुने गरेको गुनासो गर्नुहुन्छ । उहाँको मकै लगाउने बारी अहिले केरा खेतीले हरियाली बनेको छ । उत्पादन बढाउने नाममा जथाभावी विषादीको प्रयोग हुनु अहिलेको कृषि क्षेत्रमा प्रमुख चुनौती रहेको छ । बाली संरक्षण गर्न भन्दै अत्यधिक मात्रामा विषादीको प्रयोगले मानव स्वास्थ्यलगायत अन्य भू तथा जलीय प्राणीमा नकारात्मक असर परेको छ । माटोको उर्वराशक्तिमा ह्रास हुँदै गएको छ ।

खाद्य स्वच्छतामा जनचेतनाको कमी हुनु र रासायनिक विषादीको प्रयोग बढ्दै जानाले पनि नेपाली कृषि बजारमा रसायनको मात्रा हदभन्दा बढी भइरहेको देखिन्छ । विषादी प्रयोग नगरिएका तरकारी र खाद्यवस्तुमा कीरा लाग्ने र राम्रो नहुने हुँदा उपभोक्ताले किन्न रुचाउँदैनन् । त्यसकारण त्यस्ता उपभोग्य वस्तु बिक्री गर्न ब्यापारी पनि चाहँदैन ।

उपभोक्ताको रोजाइले पनि विषादी प्रयोगलाई प्रोत्साहन गरिरहेको छ । किसान आफैले नै रासायनिक मल र विषादी प्रयोग नगरी उत्पादन नै नहुने ठान्ने गरेकाले अन्धाधुन्ध विषादी प्रयोग गरिरहेको पाइन्छ ।

वातावरणमा लामो समयसम्म विषादीको अवशेष रहने हुँदा वातावरणीय प्रदूषण बढेको छ भने विषादीको प्रयोगले शत्रुजीवसँगै मित्रजीव पनि मर्ने हुँदा वातावरणीय सन्तुलन बिग्रिरहेको छ । वातावरणअनुकूल बाली संरक्षण प्रविधि र प्राङ्गारिक कृषि आजको आवश्यकता बनिरहेको छ ।

अन्य मुलुकको तुलनामा अहिले नेपालमा रासायनिक विषादीको प्रयोग कम भए पनि यसको प्रयोगको मात्रा हरेक वर्ष बढिरहेको छ । प्रयोग गर्न सस्तो, छिटो र सजिलो भएको हुनाले बाली संरक्षणमा किसानले रासायनिक पदार्थ नै छनोट गरेपनि प्रयोगले पर्ने असरबाट भने धेरै किसान अनभिज्ञ छन् । रोगनाशक, ढुसीनाशक, कीरानाशक, मुसानाशक र सुलसुलेनाशकजस्ता विभिन्न विषादी बाली संरक्षणको नाममा प्रयोग गरिन्छ । खतरनाक विषादी हाम्रो मानव शरीरमा प्रवेश गरेपछि यसले असर पारेरै छोड्छ ।रासस

# नेप्से परिसूचकको ओरालो यात्रा जारी

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार पनि ओरालो लागेको छ । शेयर कारोबार हुने साताको पहिलो दिन नेप्से परिसूचक २७ दशमलब ९२ अङ्कले ओरालो लागेर दुई हजार १० दशमलब शून्य एकमा पुगेको छ ।

यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलब ७६ अङ्कले ओरालो लागेर तीन सय ८७ दशमलब ९० मा ओर्लेको छ ।

कूल २२७ कम्पनीको ४५ लाख ५९ हजार २२ कित्ता शेयर रु एक अर्ब ८७ करोड ३२ लाख ८१ हजार आठ सय ९७ मा कारोबार भयो । नेप्सेका अनुसार कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । बैंकिङ आठ दशमलब ८७, व्यापार ४७ दशमलब ६९, होटल तथा पर्यटन २१ दशमलब १७, विकास बैंक ४७ दशमलब ४७, जलविद्युत् ४५ दशमलब २१, वित्त ४५ दशमलब एक, निर्जीवन बीमा ५२ दशमलब ८५, उत्पादन १९० दशमलब ७३, अन्य १६ दशमलब ५९, लघुवित्त ५० दशमलब पाँच, जीवन बीमा २३३ दशमलब ६८, सामूहिक लगानी कोष शून्य दशमलब १२ र लगानी एक दशमलब ८५ अङ्कले ओरालो लागेको छ ।

आइतबारको कारोबारपछि बजार पुँजीकरण रु २८ खर्ब ७० अर्ब ५५ करोड ९१ लाख चार हजार आठ सय ८३ बराबर रहेको छ । नेप्सेका अनुसार कारोबारका आधारमा हिमालयन डिस्टिलरी शीर्ष स्थानमा छ । उक्त कम्पनीको रु १६ करोड ५३ लाख ९६ हजार पाँच सय १४ बराबरको कारोबार भयो । यस्तै नेपाल लाइफ इन्स्योरेन्स रु ११ करोड २९ लाख ११ हजार एक सय सात, शिवम् सिमेन्ट रु आठ करोड २० लाख २५ हजार सात सय ५४, स्वाबलम्बन लघुवित्त रु छ करोड ६१ लाख एक हजार ६० र नबिल बैंकको रु चार करोड ४४ लाख २७ हजार एकसय ३४ बराबरको कारोबार भई शीर्ष पाँचभित्र परेका छन् ।

नेप्सेका अनुसार अप्पर हेवा खोला आठ दशमलब १०, कालिका पावर कम्पनी दुई दशमलब ८८, सामलिङ पावर कम्पनी दुई दशमलब ४४, सिटिजन म्युचुअल फण्ड एक दुई दशमलब ३६ र जाल्पा सामुदायिक लघुवित्तका लगानीकर्ताले दुई दशमलब शून्य एक प्रतिशतले कमाएका छन् ।

त्यस्तै गुराँस लघुवित्त सात शून्य दशमलव नौ, हिमालयन डिस्टिलरी छ दशमलब १०, इमर्जिङ नेपाल पाँच दशमलब ८३, नेपाल लाइफ इन्स्योरेन्स पाँच दशमलब ७५ र मल्टिप्रपोज फाइनान्स कम्पनीका लगानीकर्ताले पाँच दशमलब ३७ प्रतिशतले गुमाएका छन् ।रासस

# १२ अर्ब ७० करोड सहुलियतपूर्ण ऋण सहायता स्वीकार

काठमाण्डु । सरकारले विश्व बैंकबाट हरित, उत्थानशील र समावेशी विकासका लागि प्राप्त हुने करिब रु १२ अर्ब ७० करोड (अमेरिकी डलर १०० मिलियन) सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्ले यही साउन २६ गते गरेको निर्णय सार्वजनिक गर्न आज सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जापान सरकारबाट पूर्वी तराइको सिँचाइ प्रणाली पुनःस्थापना आयोजनाका लागि प्राप्त हुने करिब रु दुई अर्ब १३ करोड ६४ लाख (जापानी येन दुई हजार २५६ मिलियन) अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको जानकारी दिनुभयो ।

यसैगरी सबै तहका निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल स्वास्थ्य सेवा, संसद् सेवा, सामुदायिक विद्यालयमा कार्यरत शिक्षकका लागि यही साउन १ गतेदेखि लागू हुने गरी नयाँ तलबमान एवं ग्रेड स्वीकृत गर्ने निर्णय पनि सरकारले गरेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत आर्थिक वर्ष २०७९/८० का लागि राजपत्राङ्कित श्रेणीका ५१ पदको अस्थायी दरबन्दी स्वीकृत भएको छ । चालु आवका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयअन्तर्गत राजपत्राङ्कित श्रेणीका ५८ पदको अस्थायी दरबन्दी स्वीकृत भएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयअन्तर्गत चालु आवका लागि राजपत्राङ्कित श्रेणीका २० पदको अस्थायी दरबन्दी स्वीकृत भएको छ । बैठकले सशस्त्र प्रहरी सेवा आयोगको सदस्य तोक्ने निर्णय पनि गरेको छ ।

सरकारले यसअघि नसीम राईनको प्रमाणपत्र नं १५-०१-७१-०५७४० विसं २०७१ मङ्सिर ७ गते जारी भएको वंशजको नागरिकता रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने निर्णय गरेको छ । सरकारले सप्तकोसी नदीमा आएको बाढीबाट बढी क्षति भएका भौगोलिक क्षेत्रलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ ।

यस्तै पर्वतको कुस्मा नगरपालिका-५ स्थित १३ रोपनी १५ आना जग्गामध्ये जिल्ला समन्वय समितिले भोगचलन गरेको छ रोपनी छ आना दुई पैसा एक दाम जग्गाबाट दुई रोपनी नौ आना तीन पैसा तीन दाम जग्गा कुस्मा नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि उपयोग गर्न स्वीकृति दिने निर्णय गरिएको छ ।

सरकारले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत चालु आवका लागि राजपत्राङ्कित श्रेणीका तीनसय ५५ पदको अस्थायी दरबन्दी स्वीकृत गरेको छ । युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत चालु आवका लागि राजपत्राङ्कित श्रेणीका १५ पदको अस्थायी दरबन्दी स्वीकृत भएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत चालु आवका लागि राजपत्राङ्कित श्रेणीका २३ पदको अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ ।

सरकारले राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७९ स्वीकृत गरेको छ । सरकारले भारतीय सेनाका स्थल सेनाध्यक्षलाई नेपाल भ्रमणको औपचारिक निमन्त्रणा पठाउने भएको छ । अमेरिकी ऊर्जा विभागको आयोजनामा आगामी नोभेम्बर १४ देखि १८ सम्म आयोजना हुने कार्यक्रममा नेपालका तर्फबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवलाई भाग लिन स्वीकृति दिएको छ ।

रोमानियाको बुखारेष्टमा आगामी असोज १० गतेदेखि २८ गतेसम्म सञ्चालन हुने अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घको कार्यक्रममा सहभागी हुन सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई स्वीकृति दिने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ । नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ३ हेरफेर गर्ने र सो को नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ । आगामी भदौ ७ गतेदेखि ९ गतेसम्म थाइल्याण्डको राजधानी बैंककमा आयोजना हुने संयुक्त राष्ट्रसङ्घको कार्यक्रममा भाग लिन राष्ट्रिय योजना आयोगका सचिवलाई स्वीकृत दिने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ ।रासस

# टाटा नेक्सन नेपालको नम्बर एक एसयुभी बन्न सफल




काठमाण्डु । साउन २९ पछिल्लो समय टाटा नेक्सन नेपालको नम्बर एक एसयुभी बन्न सफल भएको छ। निरन्तर उत्कृष्टताका नयाँ/नयाँ रेकर्ड कायम गर्दै टाटा मोटर्सको यस नेक्सनले भारतमा अग्रणी स्थान ओगट्न सफल भइसकेको छ।

आइसी र इभी जस्ता मोडलहरूमा उपलब्ध टाटा नेक्सनको बिक्री परिमाण सन् २०२२को सुरुवातदेखि नेपाली बजारमा उच्च रहेको कम्पनीले बताएको छ । सेडान र ह्याचब्याक श्रेणीका गाडीहरूभन्दा एसयुभी बढी शक्तिशाली एवं आकर्षक रहेकाले यो नेपाली ग्राहकहरूको पहिलो रोजाइ बन्न सफल रहेको छ । यो गाडीमा मनमोहक डिजाइन, उच्च शक्ति र विशेष सुरक्षा जस्ता विशेषता रहेको कम्पनीले बताएको छ । यसले ग्राहकहरूको बदलिदो इच्छा एवं आवश्यकतालाई परिपूर्ति गरी उनीहरूलाई सर्वश्रेष्ठ यात्रा अनुभवको प्रत्याभूति गरिरहेको कम्पनीको दाबी छ । कम्पनीका अनुसार १२ सय सी.सी को रेभोट्रन पेट्रोल इन्जिन र १५ सय सी.सी को डिजेल इन्जिनमा उपलब्ध नेक्सनको शक्ति र क्षमता अद्धितीय छ ।

२०९ मिलिमिटर लामो 'ग्राउंड क्लेरेन्स' सहित ६ वटा म्यानुएल र स्वचालित गियरले सुसज्जित यो चार पांग्रे नेपाली सडकमा सुहाउँदो पनि छ।

त्यसैगरी, सन् २०२१ जुलाईको २७ तारिखमा नेपालमा बिक्री वितरण आरम्भ गरेको नेक्सन इभी (विद्धुतीय गाडी) ले विशेषत पर्यावरणीय दृष्टिकोणले सचेत नेपाली ग्राहकहरूको मन र मष्तिस्कमा अमेट्य छाप छोड्न सफल भएको कम्पनीले बताएको छ।

१८ भन्दा बढी फास्ट चार्जिङ र १२० भन्दा बढी स्लो चर्जिङ सञ्जालहरू सहित यस इभीले नेपालमा पहिलो र एक मात्र इजी चर्जिङ एपको सुविधा प्रदान गरिरहेको छ । नवीनतम सोच र समुच्च प्रणालीको समिश्रण नेक्सन इभीले सरल, सहज र सुन्दर यात्राको प्रत्याभूति दिइरहेको कम्पनीको भनाइ छ ।

# सुनचाँदीको मूल्य बढ्यो

काठमाण्डु । सुनचाँदी बजारमा साताको पहिलो कारोबार दिन आइतबार छापावाल सुनको मूल्य प्रतितोला रु ९७ हजार आठ सय तोकिएको छ । अघिल्लो दिन प्रतितोला रु ९७ हजार तीन सयमा कारोबार भएको सुनको मूल्य आज प्रतितोला रु पाँच सयले बढेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार आइतबार तेजाबी सुनको मूल्य प्रतितोला रु ९७ हजार तीन सय छ । यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९६ हजार आठ सय थियो ।

त्यस्तै आइतबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला रु २५ ले बढेर रु एक हजार दुई सय ५० पुगेको महासङ्घले जनाएको छ । अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यको तुलनामा महासङ्घले यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ ।रासस

# नबिल बैंकको अभिमुखीकरण कार्यक्रम सम्पन्न



काठमाण्डु । नबिल बैंकले ललितपुरको खोकनामा डिजिटल बैंकिङ तथा वित्तीय पहुँच अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त कार्यक्रम स्थानीय क्षेत्रको कृषि प्रवर्धन, युवा तथा महिला उद्यमशिलता, डिजिटल बैंकिङ तथा वित्तीय साक्षरता प्रवर्द्धनमा केन्द्रीत रहेको बैंकले बताएको छ । बैंकले नबिल दिगो बैंकिङको विभिन्न आयामहरू, डिजिटल बैंकिङ, क्यूआर कोड र अन्य सेवा सुविधाहरूको बारेमा विशेष प्रस्तुती दिएको थियो ।

कार्यक्रममा बैंकका वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत सुजित कुमार शाक्यले युवा र महिलाहरूको उद्यमशिलता विकास र रोजगारी सिर्जनामा सहयोग गरी दिगो समाजको निर्माण गर्न बैंक सधै तत्पर रहेको बताए । त्यस्तै, ललितपुर महानगरपालिका वडा न. २१, खोकनाका वडा अध्यक्ष रबिन्द्र महर्जनले यस कार्यक्रमको लागि धन्यवाद ज्ञापन गर्दै खोकना वरपर उद्यमशीलता विकास गर्न बैंकसँग हातेमालो गर्ने बताए ।

नेपाल सरकारले अबलम्बन गरेको दिगो विकासको लक्ष्यलाई सघाउन नबिल बैंकले ०७८ असार १५ गते धान दिवसको दिनबाट दिगो बैंकिङको सुरूवात गरेको हो।

१७ वटा शाखाबाट सुरू गरेको दिगो बैंकिङ बैंकले हाल एक सय शाखामा विस्तार गरेको छ । दिगो बैंकिङ अन्तर्गत किसान कर्जा र उद्यमशील कर्जा मार्फत बैंकले पाँच सयभन्दा बढी उद्यमीलाई ५५ करोडभन्दा बढी कर्जा प्रवाह गरेको बताएको छ ।

# प्रदेश सांसदलाई कारबाही गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका सांसदसहित सात जनलाई कारबाही गर्न माग गरिएको छ।

जनता समाजवादी पार्टी (जसपा)का केन्द्रीय सदस्य तथा मधेश प्रदेशका सांसद ज्ञानेन्द्रकुमार यादव र चमेली देवी दाससहित सात जनालाई कारबाही गर्न माग गरिएको छ।

स्थानीय निर्वाचन अन्तर्गत लक्ष्मीनियाँ गाउँपालिकामा पार्टीसँग अन्तरघात गरेको भन्दै नगर कार्य समितिले साधारण सदस्यसमेत नरहने गरी कारबाही गर्न केन्द्रीय समितिलाई सिफारिस गरेको छ। नगर अध्यक्ष लालबाबु यादवले जारी गरेको प्रेस विज्ञप्तिमा सांसद द्वयसहित जिल्ला सदस्य शत्रुधन यादव, इन्द्रकला देवी यादव, दुखरण यादव, गणेशकुमार यादव र उमेश कुमार यादवलाई कारबाही गर्न माग गरिएको छ।

सांसद दासले आफ्नै घरमा उनीहरुको चुनावी कैम्प चलाएका थिए। उनीहरु स्थानीय निर्वाचनमा बहुजन समाजवादी पार्टीबाट लालटेन छाप लिई चुनावमा भाग लिएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

इन्द्रकला देवी यसयघि सोही पालिकामा उपेन्द्र यादव नेतृत्वकै पार्टीबाट उपाध्यक्षमा निर्वाचित भएकी थिइन् भने वडा -२ मा गणेश यादव र वडा -६ मा उमेश यादव वडाध्यक्षमा निवार्चित भएका थिए।

# तेस्रो चरणको आन्दोलन घोषणा

**टुडे समाचारदाता**

जनकपुरधाम । चुरे तथा वनजंगलको संरक्षणको माग गर्दै विगत २६ दिनदेखि जनकपुरधाममा रिले अनशनमा बस्दै आएका चुरे तथा वनजंगलको संरक्षण अभियानीले तेस्रो चरणको आन्दोलनको घोषणा गरका छन्।

चुरे तथा वनजंगलको संरक्षणको माग गर्दै विगतमा विभिन्न प्रकारको दबाबमूलक कार्यक्रमदेखि रिले अनशनदेखि आमरण अनशनसम्म गर्दासमेत चुरेको विनाश नरोकिएको भन्दै अभियानले पुनः आन्दोलनको घोषणा गरेका छन्।

आइतबार जनकपुरधाममा पत्रकार सम्मेलन आयोजना गरी अभियानले आन्दोलनको घोषणा गरेका हुन्।



अभियानका संयोजक सुनीलकुमार यादवले विगतमा विभिन्न प्रकारका आन्दोलन तथा जनकपुरधामको जनक चोकमा गरेको रिले अनशन र आमरण अनशनपछि ७ बुँदे सहमति हुँदा पनि माग पुरा नभएको भन्दै पुनः आन्दोलनको घोषणा गरेको बताए। विगत २६ दिनदेखि रिले अनसन तथा विभिन्न दवाबमूलक कार्यक्रम गरे पनि संघ सरकार, प्रदेश सरकार र स्थानिय सरकारबाट कुनै पनि सुनुवाइ नभएकोले बाध्य भएर तेस्रो चरणको आन्दोलन घोषणा गरेको संयोजक यादवले बताए।

अभियानले भदौ १ गते मधेश प्रदेशका आठवटै जिल्लाका जिल्ला प्रशासन कार्यालय अगाडि १ घण्टा धर्ना दिनुका साथै ज्ञापनपत्र बुझाउने, भदौ २, ५, ६ र ७ गते आठवटै जिल्लाका जिल्ला प्रशासन कार्यालय अगाडि एक घण्टा धर्ना दिने, भदौ ८ गते आठवटै जिल्लाको सदरमुकाममा तीन तहको सरकार विरुद्ध विरोध प्रदर्शन तथा कोण सभा गर्ने, भदौ ९ गते मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि मुख्यमन्त्री लालबाबु राउतको पुत्ला दहन गरी उनको कार्यालयमा ताला लगाउनेसम्मका आन्दोलनका कार्यक्रम घोषणा गरेको छ।

# ट्र्याक्टर पल्टिँदा एकको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीमा ट्र्याक्टर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ।

जिल्लाको लालबन्दी नगरपालिका-५ रंजितपुरमा हिजो साँझ ट्र्याक्टर दुर्घटना हुँदा ट्र्याक्टरमा सवार स्थानीय ३६ वर्षीय लल्लु माझी मुसरको मृत्यु भएको हो।

दुर्घटनामा गम्भीर घाइते भएका मुसरको उपचारका क्रममा मलंगवास्थित प्रादेशिक अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ। बालुवा लोड भएको ना ५ त ९९७१ नम्बरको ट्र्याक्टर शनिबार साँझ ६ बजे अनियन्त्रित भइ पल्टिएको थियो।

दुर्घटना पश्चात फरार रहेका ट्र्याक्टर चालकको खोजी भइरहेको इलाका प्रहरी कार्यालय लालबन्दी सर्लाहीले जनाएको छ।

# १३५ वृद्ध-वृद्धा धार्मिक यात्रामा



**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाम उपमहानगरपालिका -२ का वडाध्यक्ष शिवकुमार साहको नेतृत्वमा १३५ जना वृद्ध-वृद्धा राम जन्मभूमी अयोध्याका लागि धार्मिक यात्रामा निस्केका छन्।

आइतबारदेखि धार्मिक यात्रा प्रारम्भ भएको छ। वडाध्यक्ष साहले आफ्ना वडाका १३५ जना जेष्ठ नागरिकहरुलाई लिएर भारतको अयोध्या, बनारस सहितका तीर्थधामका लागि प्रस्थान गरेका हुन्।

उक्त अवसरमा विदाई गर्न पुगेको नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले मंसिर ४ मा हुने प्रतिनिधिसभाको निर्वाचनमा धनुषा ३ बाट उम्मेदवारी दिने बताए।

उनले लोकतान्त्रिक शक्तिहरु एकजुट भइ मिलेर आगामी निर्वाचनमा जानुको विकल्प नरहेको समेत बताए। नेता निधिले सत्ता गठबन्धनको दलमा नरहेका लोकतान्त्रिक समाजवादी पार्टीलाई पनि पाँच दलीय गठबन्धनमा सहभागी गराइ सरकारमा समावेश गर्नुपर्ने बताए।

नेता निधिले लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोलाई आफूले स्वयं कुरा गरेर निर्वाचनमा सँगै जानका लागि भनेको बताए। उनले भने, 'लोसपालाई गठबन्धनमा ल्याउन पार्टी सभापति शेरबहादुर देउवाले विभिन्न चरणमा छलफल गरेका छन्।'

धनुषा ३ मा ०७४ को प्रतिनिधिसभाको निर्वाचनमा तत्कालीन राष्ट्रिय जनता पार्टी नेपालको तर्फबाट राजेन्द्र महतो निर्वाचित भएका थिए। उनले नेपाली कांग्रेसका नेता निधिलाई उनकै निर्वाचन क्षेत्रमा पराजित गरेका थिए।

# भ्रम फैलाउनेलाई कारबाही गर्न अनुरोध

**टुडे समाचारदाता**

जनकपुरधाम । वागमती नगरपालिकाका नगर प्रमुख भरतकुमार थापाले आफूविरुद्ध भ्रम फैलाइएको बताएका छन्।

आइतबार एक प्रेस विज्ञप्ति जारी गरी उनले सम्बन्धित व्यक्तिलाई कारबाहीको लागि अनुरोध गरेका छन्।

विभिन्न समयमा पालिकाभित्रको ढुङ्गा, गिट्टी, बालुवा अनियमितता गरेको भन्दै आफूविरुद्ध दुष्प्रचार भइरहेको उनले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ। उनले कानून अनुसार नै पालिकाको सम्पूर्ण काम कारबाही गरेको र आफ्नो कार्यकालमा तलव, भत्तासहित कुनै सेवा सुविधा नलिएको जनाएका छन्।

दुई सय किलो मिटर सडक कालोपत्रे, विद्यालयहरुको गुणस्तरीय सुधार गरिएको र पशु बिज्ञान, कृषि तथा इन्जिनियरिंग विषयको सिटिभिटी पद्धतिमा कक्षाहरु सञ्चालन गरिएको जनाइएको छ।

'बगरमा परिणत जग्गाको उपयोग गरी करिव १२१ विगहा क्षेत्रफलमा पर्यटकीय स्थलको रुपमा बहुउद्देश्यीय माछा तालको निर्माण गरिएको, नगरपालिकाको आन्तरिक स्रोतलाई सवल वनाउन विविध प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरु पहिचान गरी संघ, प्रदेश र स्थानीय तहबीचको साझेदारी तथा सह लगानीमा आयोजनाहरु सञ्चालन गरिएको, मौलिक र आधुनिक विकास प्रारुपको थालनी गरिएको,' उनले जारी गरेको विज्ञप्तिमा लेखिएको छ।

उनले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, ढुङ्गा, गिट्टी, बालुवा निकासी सम्बन्धी पालिकाको ऐन, विक्री वितरण सम्बन्धी ऐन र पालिकाको बोर्ड बैठक अनुसार विक्री वितरण तथा उपयोग गरिएको जनाएका छन्।

# पोखरेल विजयी

**टुडे समाचारादता**


लालबन्दी । खानेपानी उपभोक्ता तथा सरसफाई संस्था लालबन्दीको अध्यक्षमा देवनाथ पोखरेल विजयी भएका छन्।

स्वतन्त्रबाट उम्मेदवारी दिएका पोखरेल २ हजार ८८ मत प्राप्त गरी अध्यक्षमा निर्वाचित भएका हुन्। पोखरेलले नेपाल सरकारको उप-सचिव पदबाट राजिनामा दिएर खानेपानीको अध्यक्षमा उम्मेदवारी दिएका थिए।

अध्यक्षमा विजयी पोखरेलका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका इन्द्र योन्जनले १८ सय ८० मत प्राप्त गरेका छन्। पोखरेलले योन्जनको भन्दा २०८ मत बढी ल्याएका छन्।

अध्यक्षमा विजयी भएका पोखरेललाई नेकपा एमाले र राप्रपाले समर्थन गरेका थिए। कांग्रेसले भने नेकपा (एकीकृत समाजवादी) सँग तालमेल गरेको थियो।

अध्यक्षका अर्का उम्मेदवार माओवादी केन्द्रका हेमबहादुर श्रेष्ठ (श्याम) ले ४८५ मत मात्रै



प्राप्त गरे। माओवादीले जसपा र लोसपासँग तालमेल गरी उम्मेदवार उठाएको थियो।

यस्तै, संस्थाको उपाध्यक्षमा नेकपा एमालेका गंगाराम महतो निर्वाचित भएका छन्। महतोले १९ सय २३ मत्र प्राप्त गरी विजयी हुँदा उनका निकटतम प्रतिद्वन्दी एकीकृत समाजवादीका अर्जुन चौधरीले १८ सय ८८ र जसपाका इन्द्र बलले ५६१ मत प्राप्त गरेका छन्।

त्यस्तै, सचिवमा पनि एमालेकै हरिमाया थिङ १९ सय १२ मत ल्याई विजयी भएकी छन्। उनकी प्रतिद्वन्द्वी कांग्रेसकी अप्सरा वाग्लेले १८ सय ५० र माओवादीका राधादेवी भण्डारीले ५६१ मत प्राप्त गरिन्।

संस्थाको कोषाध्यक्षमा भने एकीकृत समाजवादीका डुकेन्द्र बहादुर खत्री (कपिल) विजयी भएका छन्। उनले १९ सय ६० मत प्राप्त गर्दा एमालेका मानबहादुर विश्वकर्माले १७ सय ५२ र माओवादीका घमकुमार श्रेष्ठ (राजकुमार) ले ६०४ मत ल्याए।

खानेपानीको ४ बर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गर्न शनिबार मतदान भएको थियो। मतदानमा ६८ सय ३५ उपभोक्तामध्ये ४७ सय ४५ उपभोक्ताले मत खसालेका थिए।

खानेपानी संस्थाको केन्द्रीय कार्यालय लालबन्दी ६ लेखाली चौरमा शनिबार राति १० बजे पछिबाट मतगणना सुरु गरी आइतबार दिउँसो सम्पन्न गरिएको हो। दलहरुले खानेपानीको यो निर्वाचनलाई प्रतिष्ठाको विषय बनाएका थिए।

खानेपानी संस्थाले लालबन्दी नगरपालिकाको ११ वटा वडामा खानेपानी वितरण गर्दै आइरहेको छ।

# धरौटीमा रिहा भए अवैध कारोबारी

**टुडे समाचारदाता**

जनकपुरधाम । भन्सार छलेको स्वास्थ्य सामग्रीसहित पक्राउ परेका तीन जना धरौटीमा रिहा भएका छन्।

जनकपुरधाम उपमहानगरपालिका-९ संकटमोचन मन्दिर नजिकबाट एक करोडको अवैध स्वास्थ्य सामग्रीसहित पक्राउ परेका उनीहरु एक महिनापछि रिहा भएका छन्।

जनकपुर भन्सार कार्यालयमा ८० लाख धरौटी रकम तिरेपछि उनीहरु रिहा भएको धनुषाका प्रहरी नायव उपरीक्ष (डिएसपी) प्रदीप बहादुर क्षेत्रीले जानकारी दिए।

मधुवनी जिल्ला जयनगर थानाका ५२ वर्षीय विपिन कुमार सिंह, दाउदपुर थानाका ६० वर्षीय शंकर सिंह र पटनाको हरनोद सिर सियाका २३ वर्षीय सुरज सिंहलाई प्रहरीले असार ३१ गते पक्राउ गरेको थियो।

प्रहरीले गोप्य सूचनाको आधारमा छापामारी गरेको थियो। उनीहरु भारतबाट भन्सार छलेर स्वास्थ्य जाँचमा प्रयोग हुने विभिन्न सामग्री भारतबाट नेपाल ल्याएर विक्री गर्ने गरेको थियो।

उनीहरु जनकपुरधाममा भाडामा घर लिएर यस्तो अवैध कारोबार गर्ने गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ।

केही दिन अघि उक्त भवनमै छापामारी हुने सूचना पाएपछि उनीहरुले आगो लगाएर औषधिहरु जलाएर नष्ट गरेका थिए।

प्रहरीले स्वास्थ्य सामग्रीको अन्दाजी मूल्य बारे जानकारी गराएपनि उपकरण बारे केही खुलाएका थिएनन्। यी घटनामा भन्सार कार्यालय र प्रहरीले मोटो रकमको चलखेल गरी रिहा गरेको आरोपसमेत लागेको छ।

# होटलमा प्रहरीको छापा, ८ जना पक्राउ

**टुडे समाचारदाता**

हरिवन। प्रहरीले सर्लाहीको हरिवनस्थित भूपू सैनिक होटलमा छापा मारेको छ।

शनिबार राती जिल्ला प्रहरी कार्यालय मलंगवा र ईलाका प्रहरी कार्यालय हरिवनको टोलीले हरिवन ११ स्थित चिनी मिल छेउमा रहेको होटलमा छापा मारेको हो। प्रहरीले होटलबाट अवैध यौनधन्दामा संलग्न रहेको आरोपमा ५ महिला र ३ पुरुषलाई पक्राउ गरेको छ।




उनीहरुलाई जिल्ला प्रहरी कार्यालय मलंगवाको हिरासतमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। होटलका संचालक फरार छन्।

सो होटललाई यसअघि एक दुई पटक सचेत गराउँदा यौनधन्दा नरोकिएको गुनासो आएपछि प्रहरी टोली गएर खानतलासी लिँदा ८ जना पक्राउ परेका सर्लाही प्रहरीका प्रमुख एसपी प्रवीण पोखरेलले जानकारी दिए।

यस्तै, आइतबार दिउँसो मात्रै पनि प्रहरीले ईश्वरपुर नगरपालिकाको बयलवास बजारमा रहेको एक होटलमा पनि छापा मारेको छ। त्यहाँ पनि केही व्यक्ति पक्राउ परेका र उनीहरुलाई जिल्ला प्रहरी कार्यालय मलंगवा लगिँदै गरिएको प्रहरी उपरीक्षक पोखरेलले बताए।

# वर्षाले किसानलाई राहत

**टुडे समाचारदाता**

महोत्तरी। महोत्तरीसहितका मधेशमा शनिबार रातिको वर्षाले राहत मिलेको छ। उखरमाउलो गर्मीबीच करिब दुई सातापछि शनिबार राति झम्केर पानी परेपछि किसानले राहतको सास फेरेका छन्। साउन निगल्दोको वर्षा जिल्लावासीलाई अमृत बर्सेझैं भएको छ।

पानीबेगर रोपेको धान रोपोमै पहेँलिदै जाँदा र थप रोपाइँ गर्न नपाएर पिरोलिएका किसानलाई पछिल्लो वर्षाले थोरै आशा जगाएको छ। पछिल्लो वर्षाले धान रोप्न नै पानी नपुगे पनि पहिलेको रोपो जाग्ने किसानलाई आश जागेको हो। जिल्लामा मध्य साउनयता गए राति पानी परेको हो।

धान अब के होला भनेर आश मारेका थियौं, पछिल्लो वर्षाले फेरि आश जगायो', महोत्तरीको भङ्गाहा-४ का किसान रामसागर यादवले भने, अब केही दिन पानीले साथ दिए थप रोपाइँ पनि गर्न पाइने छ।'

पछिल्लो वर्षाले रोपाइँका लागि पर्याप्त पानी नपुगेको भए पनि यसअघि रोपिएको धानलाई भने अमृत नै भएको उहाँको भनाइ छ। केहीबेरकै भए पनि पछिल्लो वर्षा मधेशका सबैजसो जिल्लामा भएको छ। पछिल्लो वर्षा पूर्वपश्चिम राजमार्ग आसपास भएर बढी परेको पाइएको छ।

पछिल्लो वर्षाले तालु फुट्लाजस्तो चर्को घामको रापबाट राहत भएको छ। लगातारको प्रचण्ड रापले चरन क्षेत्रमा सुकेका घाँसका झाम्टा अब पलाउने र गाईवस्तु चराउन पाइने पशुपालक किसानले आश सँगालेका छन्।

यसैबीच मौसमविद्हरुले अब दुई-तीन दिन राम्रो वर्षा भइरहने बताएपछि किसान मख्ख छन्। जिल्लामा यसपालि पानीकै अभावले अपेक्षित धान रोपाइँ हुनसकेको छैन। पानी राम्रो परे अझै खरुवन (कलम, पहिलेको रोपो गाँजिएपछि फेरि उखेलेर रोप्ने बीउ) बाटै पनि केही रोपाइँ थप्न सकिने किसानको आश छ। मधेशमा खरुवनको रोप भदौ पहिलो सातासम्म गर्न सकिने किसान बताउँछन्।

महोत्तरीमा कुल ७० हजार खेतीयोग्य जग्गामध्ये ५० हजार हेक्टरमा गरिने धानखेती अहिलेसम्म करिब ६५ प्रतिशत रोपाइँ हुनसकेको कृषि ज्ञान केन्द्र महोत्तरी जलेश्वरले नै जनाएको छ। जिल्लामा कुल खेतीयोग्य जग्गामा १० प्रतिशतमात्र सिञ्चित हुँदा यहाँको खेती आकाशे पानीको भरमै हुँदै आएको छ।

साउन मध्य बर्षाकालको महिना भए पनि यसपालि अल्प वर्षाले खेतीपातीको काम अपेक्षित हुनसकेको छैन। शनिबारको वर्षाले आम किसानलाई लामो पर्खाइपछि प्राप्त हुँदा चाडवाड आएजस्तै खुशी दिएको हो।

# निर्वाचित जन प्रतिनिधि बीच अन्तरक्रिया कार्यक्रम

**टुडे समाचारदाता**

रौतहट । लैंगिक समानता र निर्वाचित महिला जनप्रतिनिधिहरुको राजनितिक सहभागिता तथा निर्णय प्रक्रियामा मेयर र अध्यक्षहरुको भूमिका सम्वन्धी एक दिवसीय अन्तरक्रिया कार्यक्रम गरुडामा आइतवार सम्पन्न भएको छ।

राजनितिक, सामाजिक, आर्थिक रुपमा कमजोर तथा पूर्ण सहभागिताबाट बञ्चित भएकी महिलाहरुको पूर्ण समानुपातिक सहभागिता गराई विद्यमान रहेका लैंगिक विभेदलाई हटाउने उद्देश्यले शी लीडर्स कार्यक्रम अन्तर्गत आयोजना गरिएको



अन्तरक्रिया कार्यक्रममा गढीमाई नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो।

मांडवी रौतहटको आयोजनामा भएको सो अन्तरक्रिया कार्यक्रममा नगरपालिकाका नगर प्रमुख श्याम प्रसाद यादवले महिला प्रति हुने विभेदलाई अन्त्य गर्नु पर्ने जोड़ दिए।

उनले लैंगिक समानता कायम गर्नका लागि सवै ले आ आफ्नो तर्फबाट सकारात्मक पहल गर्नुपर्ने आवश्यकता रहेको बताए।

निर्वाचित महिलाहरुलाई पनि निर्णय प्रक्रियामा सहभागी गराउँदै अघि बढ्ने प्रतिवद्धता जनाउँदै सम्वन्धित वड़ा अध्यक्षहरुलाई महिला सदस्यहरुलाई जिम्मेवारी बहन गर्ने अवसर दिनुपर्ने समेत निर्देशन दिए।

नगर उपप्रमुख, वड़ा अध्यक्ष, कार्य पालिका सदस्य, महिला सदस्य सहभागी भएको अन्तरक्रिया कार्यक्रममा नेक महमद हुसैनले प्रशिक्षण दिएको कार्यक्रम अनुगमन अधिकृत रिंकू चौधरीले जानकारी दिए।

महिलाहरुले निर्वाचित पुरुष जनप्रतिनिधिहरुले आफूलाई निर्णय प्रक्रियाबाट बञ्चित गराउँदै आएको गुनासो पोखेका थिए।

# अस्पताल बनाउँने गृह कार्य अघि बढ्यो

**टुडे समाचारदाता**

कलैया । जीतपुरसिमरा उपमहानगरपालिकामा अस्पताल बनाउँने गृह कार्य अघि बढेको छ।

सिमरा प्राथमिक स्वास्थ्य केन्द्रको स्तर वृद्धि गरी अस्पताल सञ्चालनको तयारीमा जीतपुर सिमरा उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेल जुटेका छन्।

आफ्नो यो बर्षको पहिलो प्राथमिकता प्राथमिक स्वास्थ्य केन्द्र सिमराको स्तर वृद्धि गरी अस्पतालमा परिणत गर्ने रहेको नगर प्रमुख पौडेलले जानकारी दिए।

उनले यथा शीघ्र चाडो सम्पन्न गर्ने उद्देश्यले उपमहानगरपालिका लागेको बताए।



उपमहानगरपालिकाले आर्थिक बर्ष २०७९।८० को नगर सभाबाट पारित भएको नीति तथा कार्यक्रममै १५ शैयाको अस्पताल निर्माण गर्ने कुरा उल्लेख गरिएको थियो।

उपमहानगरको स्वास्थ्य प्रवर्द्धन शाखाका प्रमुख रबि भाष्करले सिमरा प्राथमिक स्वास्थ्य केन्द्रको स्तर वृद्धि गरी १५ शैयाको अस्पतालमा परिणत गर्ने लक्ष्यको साथ गृहकार्य भइरहेको बताए। उपलब्ध भवन र जग्गालाई अधिकत्तम प्रयोग गर्ने उनले बताए। आफूहरुको लक्ष्य १५ शैयाको अस्पताल बनाउँने हो तर स्वास्थ्य विभागले तोकेको मापदण्डले भित्र उक्त स्थानमा कति शैयाको अस्पताल बन्न सक्छ त्यति शैयाको अस्पताल बनाउँन आफुहरु सक्षम रहेको बताए।

अधुरो भवन निर्माण गरेर असोज महिना भित्रै प्राथमिक स्वास्थ्य केन्द्रलाई अस्पतालमा परिणत गरी चौबिसै घण्टा सञ्चालन गर्ने तयारी उपमहानगरपालिकाको रहेको छ। अस्पतालकोलागि चाहिने प्राविधिक जनशक्ति र उपकरणका लागि चाडै नै बैठक बसी सूचना निकालिने स्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख भाष्करले जानकारी दिए।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८